www.janasawal.com

# जन सवाल

JANASAWAL NATIONAL DAILY

राष्ट्रिय दैनिक

वर्ष १८, अंक १७९, २०८१ चैत्र ११ गते सोमबार (नेपाल संवत ११४५) (Monday, 24 March, 2025) मूल्य रू. ५/- पृष्ठ ८

**सहकारीका गतिविधिबारे सचेत बनौं**

सहकारी कानूनको पालना गरौं, गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं, एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौं, सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौं, नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं, सहूकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं, आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं । सहकारी मूल्यमान्यताको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संविधानको पक्षमा कांग्रेस दृढताका साथ उभिने

## नेपाली जनसम्पर्क समितिमा दुई किसिमका सदस्यता

## एनआरएनए नागरिकता लिएकाले पनि सदस्यता पाउने



काठमाडौं(जस)- नेपाली कांग्रेसले नेपालको संविधान र संविधानमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध रहने दृढता व्यक्त गरेको छ । आइबतार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संविधानको संरक्षण, सम्वर्द्धन र कार्यान्वयनमार्फत मुलुकलाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त, सामाजिक विकृति र विसङ्गतिबाट मुक्त बनाउँदै जनताको निरन्तर प्रगतिको अपेक्षा र आवश्यकता सम्बोधन गर्न सकिन्छ विश्वास व्यक्त गरेको हो । बैठकले यही विश्वास साथ अघि बढ्नु नै अहिलेको मुख्य राष्ट्रिय जिम्मेवारी ठान्दै यसका निम्ति आवश्यक अग्रसरता लिने निर्णय गरेको पार्टीका कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिए । सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकमा महामन्त्री गगनकुमार थापाले विभिन्न प्रस्तावहरू प्रस्तुत गरेको उनले बताए । बैठकले संविधानमार्फत नै जनताका आवश्यकता र समस्या सम्बोधनलाई ध्यान दिने निर्णय गरेको पार्टीका प्रवक्ता प्रकाशशरण महतले बताए । उनले भने, 'नेपाली काङ्ग्रेस पार्टीको कार्यसम्पादन समिति बैठक आज सम्पन्न भएको छ । यसले विविध विषयहरुमा छलफल गरेको छ । सर्वप्रथम नेपाली कांग्रेस पार्टीको कार्यसम्पादन समिति बैठकले सार्वभौम नेपाली जनताद्वारा निर्वाचित संविधानसभाबाट बनेको संविधानको रक्षामा पूर्ण प्रतिवद्धताको जुन गणतान्त्रिक संघीय संविधान बनेको छ यसप्रति पूर्ण प्रतिवद्धता जाहेर गऱ्यो । संविधानमार्फत नै जनताका आवश्यकता र समस्या र महत्वाकांक्षालाई सम्बोधन गर्न सकिने निर्णय गरेको छ ।' साथै गणतान्त्रिक मोर्चाको पक्षमा पनि काङ्ग्रेस नरहेको उनले बताए । बैठकले स्ववियु निर्वाचनमा नेविसंघबाट निर्वाचितहरूलाई बधाइ तथा शुभकामना व्यक्त गरेको समेत महतले बताए कांग्रेसले पार्टीको महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य निर्वाचित हुन अनिवार्य क्रियाशील सदस्य हुनुपर्ने निर्णय गरेको छ । बैठकले पार्टीको नियमावलीमा आवश्यक संशोधनसमेत गरेको छ । यसैगरी कांग्रेसले यही चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनको प्रतिस्पर्धामा धैरै क्याम्पसमा विजय हासिल गरेर पहिलो स्थान हासिल ▸▸ बाँकी पृष्ठ २ मा

## नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन : सभापति देउवा

ललितपुर(जस)- नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा राजतन्त्र फर्किने सम्भावना नरहेको बताएका छन् । कांग्रेस बागमती प्रदेश समितिको प्रशिक्षण विभागद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा केही दिनयता राजावादी पक्षधरहरूको गतिविधिप्रति इङ्गीत गर्दै सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्र शाह संवैधानिक राजा हुन नसक्ने धारणा व्यक्त गरे । कांग्रेस प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुका लागि आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटनका अवसरमा उनले भने, "नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन, ज्ञानेन्द्र संवैधानिक राजा बन्न लायक व्यक्ति पनि होइनन्, बरु राष्ट्रिय प्रजातन्त्र पार्टीले ज्ञानेन्द्रलाई पार्टी सभापति बनाए हुन्छ ।"सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्रलाई राजनीति नै गर्नेभए पार्टी खोल्न सुझाव दिए । "राजनीति गर्ने भए पार्टी खोल्दा भइहाल्यो नि ! तर त्यो पार्टीमा जानेहरूले धेरै नै दुःख पाउँछन्", सभापतिले भने । उनले गणतन्त्रका पक्षमा एकजुट भएर लाग्न नेता कार्यकर्तालाई निर्देशन दिए । कांग्रेस बागमती प्रदेश उपसभापति एवं प्रदेश प्रशिक्षण विभाग प्रमुख चन्द्र महर्जनको सभापतित्वमा भएको प्रशिक्षण कार्यक्रममा प्रवक्ता डा प्रकाशशरण महत, प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका निर्देशक डा कृष्णप्रसाद पौडेल, बागमती प्रदेशका कोषाध्यक्ष डा भद्रा पराजुली भण्डारी, केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण विभागका कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठलगायतको उपस्थिति थियो ।

# अधिकांश मन्त्रालयले चालु आवको भन्दा कम बजेट पाउने




काठमाडौं(जस)-सार्वजनिक ऋणको सावा-ब्याज भुक्तानी, सामाजिक सुरक्षामा खर्च हुने रकमजस्ता अनिवार्य दायित्व निरन्तर बढ्ने तर सरकारको राजस्व लक्ष्यअनुसार सङ्कलन नहुने अवस्था देखिएपछि अधिकांश विषयगत मन्त्रालयहरूले चालु आर्थिक वर्ष (आव) को भन्दा आगामी आवका लागि कम बजेट पाउने सम्भावना देखिएको छ । राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आव २०८२/८३ का लागि रु १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गरेको छ । सरकारले यही सीमाभित्र रहेर बजेट ल्याउनुपर्ने हुन्छ । चालु आवको रु १८ खर्ब ६० अर्ब ३० करोडको वास्तविक विनियोजनभन्दा आगामी आवको बजेट सिलिङ केही बढी देखिए पनि अनिवार्य दायित्वमा खर्च बढ्ने भएपछि विकास खर्च बढी हुने मन्त्रालयले नै न्यून बजेट पाउने अवस्था आएको हो । ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, कृषि तथा पशुपन्छी विकासलगायत पुँजीगत खर्च बढी हुने मन्त्रालयको बजेट नै कटौतीमा पर्ने देखिएको छ ।

आगामी आवका लागि रु १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गर्दा आन्तरिक राजश्वबाट रु १२ खर्ब ६३ अर्ब १० करोड मात्रै प्राप्त हुने अनुमान गरिएको छ । स्रोत अनुमान समितिले दिएको सिलिङअनुसार बजेट ल्याउने हो भने रु छ खर्ब ३७ अर्ब ५५ करोड स्रोत अपुग हुने यसले देखाउँछ । स्रोतको आँकलन गर्दा चालु आवको आन्तरिक राजस्वको लक्ष्य र आगामी आवको अनुमानमा खासै ठूलो अन्तर देखिँदैन । मध्यावधि समीक्षामार्फत् कायम गरिएको राजस्व लक्ष्यका तुलनामा भने करिब १० प्रतिशतले बढ्ने सरकारको अनुमान छ ।

**ऋणको सावा-ब्याज तिर्न चार खर्ब १० अर्ब चाहिने**

सार्वजनिक ऋणको साँवा ब्याज तिर्न यस वर्ष सरकारले रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको थियो तर आगामी आवमा सरकारी ऋण तिर्न रु चार खर्ब १० अर्ब भन्दाबढी रकम चाहिने समितिले जनाएको छ । आगामी आवमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु तीन खर्ब ४३ अर्ब ५५ करोड ८७ लाख चाहिने अनुमान छ । ▸▸ बाँकी पृष्ठ २ मा

# 'विकासको गतिमा देश अगाडि बढेको छ'



काठमाडौं(जस)-प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले समय परिवर्तन हुँदै विकासको गतिमा देश अगाडि बढेको बताएका छन् । राष्ट्रिय युवा सङ्घ नेपालले आइतबार यहाँ आयोजना गरेको 'टुगेदर फर टुमरो : युथ एण्ड द प्राइमिनिस्टर' कार्यक्रममा प्रधानमन्त्री ओलीले भने, "समस्या छन्, तिनको कारण छ र समाधान पनि छ भन्दै त्यसतर्फ सरकारले काम अगाडि बढाएको छ ।" उनले आफूले नै डिजिटल नेपालको नारा दिएको र त्यसले प्रविधिको क्षेत्रमा ठूलो परिवर्तन ल्याएको बताए ।

"हामीले थुप्रै मेडिकल कलेज बनायौं, प्रत्येक पालिकामा आधारभूत तहका अस्पताल बनाउने भनेर अगाडि बढायौं । कतिपय बनिसकेका छन् भने कति तयार हुने क्रममा छन् । त्यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन ल्याउने छ । सरकार शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर अगाडि बढेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हाम्रा छोरीहरुले विशेषज्ञ चिकित्सको सपना देख्नुभएको छ, त्यो बन्ने प्रतिक्षामा छन्, कतिले अहिले विशेषज्ञ भएर सेवा गरिरहनुभएको छ, यो अहिलेको समयको उपलब्धि हो ।" प्रधानमन्त्री ओलीले उद्यमशीलताबाट मात्रै रोजगारीका अवसर सिर्जना तथा कृषिको आधुनिकीकरणबाट मात्रै उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने भएकाले त्यसमा लाग्न आग्रह गरे । "हामी ▸▸ बाँकी पृष्ठ २ मा

# एनआरएनए अध्यक्षमा उम्मेदवारी दिने डा पौडेलको घोषणा



काठमाडौं(जस)-एनआरएनए उपाध्यक्ष डा केशव पौडेलले आगामी मे महिनामा हुने एकता महाधिवेशनमा अध्यक्ष पदमा चुनाव लड्ने घोषणा गरेका छन् । जनसवालसँगको कुराकानीमा उनले आफूले बलियो एनआरएनए निर्माणका लागि अध्यक्षमा उम्मेदवारी दिने बताए । 'एनआरएनएमा धेरैजसो काम गरियो । सबै साथीहरुलाई अवसर पनि दिइयो । यस पटक म नआइ एनआरएनए सुध्रिएला जस्तो लागेको छैन । एकताबद्ध एनआरएनए बनाउनका लागि र मुद्दालाई बलियो बनाउन पनि मेरो नेतृत्व आवश्यक छ', उनले भने । उनले बिग्रेको एनआरएनएलाई बनाउन सबैभन्दा पहिला सबै मिल्नुपर्नेमा जोड दिँदै मे महिनाको महाधिवेशन वास्तवमै एकताको महाधिवेशन हुने बताए । 'यसमा हामी धेरै नजिक छौं । पूर्ण एकता हुन सकेन भने सकेन भने पनि मेरै नेतृत्वमा छुटेका साथीहरुलाई पनि मिलाएर एकताबद्ध एनआरएनए बनाउने मेरो योजना छ', उनले भने, 'सबै लचक भएर एकै मिसन र एउटै भिजनका साथ अघि बढ्नुपर्छ । एक भएरमात्रै विदेशमा बस्ने सबैको पक्षमा लड्नुपर्छ ।' त्यसका लागि आफू तयार रहेको बताउँदै उनले नागरिकतालगायतका एजेण्डा कार्यान्वयनका लागि पहल गर्न पनि आफ्नो उम्मेदवारी रहने बताए। अहिले एनआरएनए कमजोर भएकै कारण नागरिकता कार्यान्वयनमा आउन नसकेको उल्लेख गर्दै उनले एकतापछि यही विषयलाई प्राथमिकता दिने र सामाजिक सुरक्षा कोष लगायतका एजेण्डा पनि उठाएर लगिने बताए । उनले विदेशमा रहेका श्रमिकहरुको समस्या समाधानका लागि सरकारसँग मिलेर काम गर्ने बताए । लगानीको वातावरण थप निर्माण गर्ने काममा पनि आफूले काम गर्ने उनको भनाइ छ । उनले मेको अधिवेशन वैधानिक नै भएको उल्लेख गर्दै सर्वोच्चको परमादेशअनुसार अघि बढ्नुको विकल्प नभएको बताए । यसअघि ११ औं महाधिवेशनमा उनले उपाध्यक्ष पद जितेका थिए । तर, बद्री केसी पक्षले धाँधली गरेको भन्दै उनले सो पद अस्वीकार गरेर आरके शर्माले बनाएको नयाँ कमिटीमा बसेका थिए । अहिले एकता महाधिवशनको प्रक्रिया अघि बढिरहेको बेला उनले सबैभन्दा पहिले उम्मेदवारी ▸▸ बाँकी पृष्ठ २ मा

# विवाह गर्ने उमेर घटाउनुपर्नेमा सांसदको जोड




काठमाडौं(जस)-प्रतिनिधिसभा, न्याय, कानुन तथा मानव अधिकार समितिमा विवाहसम्बन्धी २० वर्ष उमेर पुग्नुपर्ने भन्ने हालको प्रावधान संशोधन गरिनुपर्ने माग उठेको छ । समितिको आइतबारको बैठकमा सांसदहरु नागिना यादव, रञ्जुकुमारी झा, पूर्णबहादुर घर्तीलगायतले विवाहसम्बन्धी हालको व्यवस्था व्यावहारिक नभएको उल्लेख गर्दै त्यसलाई संशोधन गरी १८ वर्ष कायम राख्न उपयुक्त हुने सुझाव दिए । समितिका सदस्य नागिना यादवले कानुनले विवाहको उमेर २० वर्ष भने पनि सामाजमा व्यावहारिक अभ्यासका रुपमा कतिपयको त्यसअघि भइरहेको बताइन ।

उनले भनिन, "उमेरमा विवाह गर्न पाउनुपर्ने स्वतन्त्रता र अधिकार हो । हालको उमेरको हद अव्यावहारिक भयो, यो व्यावहारिक हुनुपर्छ । नागरिकताको प्रमाणपत्र प्राप्ति १६ वर्षमा, प्रहरीजस्तो जोखिम व्यहोर्नुपर्ने सङ्गठनमा भर्ना १८ वर्षमा हुन्छ भने विवाह किन हुन्न । विवाहको उमेर १८ वर्ष गरिनै पर्छ ।" विवाहसम्बन्धी उमेर घटाइनुपर्छ भन्ने कुनै सांसद र संसद्को माग नभई समाजबाट उठाइएको विषय भएको उल्लेख गर्दै सदस्य यादवले भनिन, "१८ वर्ष पुगेका युवायुवतीबीचको प्रेम सम्बन्धबाट जन्मिएका सन्तानको जन्मदर्तालगायतमा समस्या परिरहेको छ, यसैकारण ठूलै सङ्ख्या युवा जेलमा पुगिरहेका छन् । अन्तरराष्ट्रिय अभ्यास पनि १८ वर्ष नै देखिन्छ ।" अर्का सदस्य रञ्जुकुमारी झाले देश विकासमा लाग्नुपर्ने युवाको ठूलो सङ्ख्या लागुऔषध र जबर्जस्तीकरणीको मुद्दामा कारागारमा रहेको अनुगमनबाट देखिएको जानकारी दिइन । उनले भनिन, "विवाहसम्बन्धी २० वर्षे यो प्रावधान व्यावहारिक र समाजमैत्री हुनुपर्छ । यस विषयमा गहन र खुला छलफल गरी कानुन बनाउनुपर्छ । यो समिति र सांसदको भनाइ नभई समाजको आवाज हो ।" समितिका सदस्य ध्रुवबहादुर प्रधानले सजाय दिएर वा सुधार केन्द्रमा राखेर मात्र कतिपय समस्या समाधान हुन नसक्ने तर्क प्रस्तुत गर्दै विवाहको उमेरसम्बन्धी जोडिएर आएको प्रश्नबारे पुनःविचार गर्नुपर्ने बताए । अर्का सदस्य सुशीला थिङले युवाहरु जेल जानमा विवाह हो कि कानुन दोषी हो भनी प्रश्न गर्दै कानुनमा व्यवस्था भए पनि ▸▸ बाँकी पृष्ठ २ मा

# यौन व्यवसायबारे चर्को वहस


## व्यवस्थित गर्ने कि बन्देज ?

**मनिषा बस्नेत**




काठमाडौं । नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले चैत्र ३ गते बसेको प्रतिनिधिसभा बैठकमा यौन व्यवसाय खुलागरी पर्यटन प्रवर्द्धन गर्नुपर्ने भनी एक सनसनीपूर्ण अभिव्यक्ति दिए । उनले यसअघि प्रमुख सचेतक नहुँदै पनि यस्तै धारणा राखेर विवादित पनि भइसकेका थिए । उनले भनेका थिए,' धार्मिक पर्यटकले पैसा खर्च गर्दैनन् । पैसा खर्च गर्ने भनेको मनोरञ्जन क्षेत्रमा आउने पर्यटकले नै हो, यौन व्यवसायलाई खुला गरौं । यसबाट धेरै विदेशी पर्यटक आउँछन् । यसले मुलुकको आर्थिक संमृद्धिका लागि योगदान पुग्छ ।' घिमिरेले दिएका अभिव्यक्तिमा महिला नेतृहरूले आपत्ति जनाउदै कारबाहीको माग समेत गरे । यसै क्रममा नेकपा माओवादी केन्द्रकी सांसद दुर्गा राईले घिमिरेको अभिव्यक्तिले समाजलाई अराजकतातिर पुऱ्याउने भन्दै उक्त भनाइलाई रेकर्डबाट हटाउनका लागि रुलिङको माग नै गरिन् । उनले भनिन्,'हिजो सत्ता पक्षका माननीयज्यूले यौन व्यवसायलाई कानुन बनाइ मान्यता दिएर पर्यटकलाई आकर्षण गरी अर्थपार्जन गरौं भन्ने कुरा दोस्रो पटक यस संसदमा उठाउनु आपत्तिजनक कुरा हो । यस्तो चिन्तनको घोर भर्त्सना गर्दछु । यस्तो विचारले अनुशासित र मर्यादित रुपमा रहेको समाजलाई अराजकतातिर पुऱ्याउँछ । त्यसैले यो भनाइलाई रेकर्डबाट हटाउनको लागि रुलिङको माग गर्दछु ।' यता, घिमिरे आफ्नो अभिव्यक्तिलाई लिएर चौतर्फी आलोचना भएपछि उनलाई पार्टी नेतृत्वले स्पष्टीकरण नै सोध्न बाध्य भयो । हुनत, देशको विकासका लागि कानुनी व्यवस्था गरेर यौन व्यवसाय खुला गर्नुपर्ने आवाज यसअघि पनि उठ्दै आइरहेको छ । प्रतिनिधि सभाकी सांसद चन्दा चौधरीले ३१ भदौको संघीय संसद्मा भनिन्, गण्डकी प्रदेशको मुख्यमन्त्री रहँदा पृथ्वीसुब्बा गुरुङले 'रेडलाइट एरिया खोल्नुपर्छ' भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए । सोही अभिव्यक्तिलाई लिएर तत्कालित प्रतिनिधि सभाकी सांसद चन्दा चौधरी गुरुङको राजीनामा नै माग गरेकी थिइन् । तर गुरुङले यौन धन्दाको व्यवस्थापन गर्न चारवटा उपाय सुझाउँदै भनेका थिए-यौन धन्दालाई पूर्ण रूपमा बन्देज गर्ने, अपराधीकरण गर्ने, नियमन गर्ने र रेडलाइट एरिया तोक्ने' यिनै उपायबाट विश्वमा यौन धन्दा नियन्त्रणको अभ्यास भएको उनको दाबी थियो ।

यसअघि तत्कालीन कानुनमन्त्रीसमेत रहेका शेरबहादुर तामाङले संसद्मा 'बंगलादेशमा पढ्न गएका नेपाली छात्राहरूले यौन व्यवसाय गरेको' भन्नेबारे अभिव्यक्ति दिँदा मन्त्री पद नै गुमाएका थिए । तर कानुनको अभावमा यौन धन्दा व्यवस्थित नभएको र पूर्ण नियन्त्रणमा समेत आउन सकेको छैन् । यद्यपी, यौन पेशालाई लिएर विभिन्न कोणबाट वहस भइरहेको छ । कतिपयले यस्तो पेशालाई नियन्त्रण र बन्देज गर्नुपर्ने आवाज उठाएका छन् भने कतिपयले यौन श्रमिकहरुको विषयलाई मानव अधिकारको दृष्टिकोणमा आवाज उठाइरहेका छन् । यौन पेशामा संलग्न यौनिक तथा लैङ्गिक अल्पसंख्य समूदायका व्यक्तिहरुको अधिकारका लागि क्रियाशील अधिकारकर्मीहरुले संविधानको धारा १८, धारा ३४ र धारा ४२ मा भएको प्रावधानहरुलाई लिएर सेक्स वर्करहरुलाई पनि सुरक्षित, स्थिर र सम्मानपूर्ण बाँच्न पाउने अधिकार हुनुपर्ने पक्षमा आवाज उठाइरहेका छन् । यौन श्रमिकहरुको न्यायको लागि काम गर्ने संस्था मायाको संसारकी संस्थापक सुनिता लामाले नेपालमा यौन श्रमिकहरुको अवस्था दयनीय रहेकाले उनीहरुले पनि आफ्नो योग्यता अनुसार बाँच्न पाउनुपर्ने बताइन् । उनले यौन श्रम र श्रमिकलाई राज्यले अपराधीकरण गरेको र त्यसलाई निरअपराधीकरण गर्नुपर्ने बताइन् । यौन व्यवसायलाई व्यवस्थित गर्नुपर्ने सांसदहरुको आवाजलाई सम्मान गनुपर्ने उनको धारणा छ । 'नेपाल सरकारको तथ्याङमा यौन श्रमिक महिलाहरु ८६ हजार छ । यौन श्रम हो, व्यवसाय होइन् । ▸▸ बाँकी पृष्ठ २ मा



# दलितको घर भत्काइएका बारेमा छानबिन गर्न माग

काठमाडौँ(जस)-राष्ट्रिय सभाको आइतबारको बैठकमा सांसदहरूले सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञ गर्ने भन्दै सोही स्थानका दीपक मल्लिकको घर भत्काइएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् । सांसद घनश्याम रिजालले जातीय विभेदजस्तो जयन्घ अपराधको नेतृत्वकर्ता बजरङ्गी बाबासहित सो घटनामा संलग्न सबैलाई कारबाहीको माग गरे । "दलित बसेको माटो अपवित्र हुन्छ भन्दै घरभित्र रहेको माटोसमेत खनेर फालिएको छ,", उनले भने, "यसबाट झन्डै ६० लाख दलित समुदायलाई अपमानति गरिएको छ। यो संविधान र कानुन विपरीतको काम हो।"

सांसद रिजालले निर्वाचित जनप्रतिनिधिले जातीय विभेदजस्तो जघन्य अपराध गर्नुले नेपाली समाजको चेतनाको धरातल उदाङ्गो पारिदिएको बताए । सो घटनामा संलग्न गाउँपालिका अध्यक्ष शिवजी यादवलाई प्रहरीले नियन्त्रणमा लिए पनि पीडित परिवारले अझै असुरक्षित महसुस गरिरहेको जनाउँदै उनले सुरक्षाको प्रत्याभूति गराउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद विष्णुदेवी पुडासैनी र विष्णुबहादुर विश्वकर्माले महायज्ञको नाममा दलितको घरमा डोजर लगाउनु आपाराधिक कार्य भएको बताउँदै सो घटनामा संलग्नलाई कारबाही गर्न माग गरे । सांसद विश्वकर्माले पालिका अध्यक्षलाई तत्काल पदच्यूत गरेर कथित बजरङ्गी बाबालाई पक्राउ गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद मनरुपा शर्माले म्याग्दीको बेनी नगरपालिका १९ वर्षीय मीना परियारको हत्यामा संलग्नलाई तत्काल कारबाही गर्न माग गरे । सांसद रुक्मिणी कोइरालाले नसर्ने रोगबाट नागरिकलाई जोगाउने योजना ल्याउन सरकारसँग आग्रह गरे । सांसद रेणु चन्दले राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा पठाइएको सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक कता हरायो ? भनी सरकारसँग प्रश्न गरे।

सांसद विष्णुकुमारी सापकोटाले गुल्मी छत्रकोट रुरु गाउँपालिकाका उखु किसानलाई व्यावसायिक उत्पादनका लागि प्रोत्साहन गर्नुका साटो विभिन्न बहानामा किसानलाई दुःख दिने काम भइरहेको भन्दै आपत्ति जनाए। सांसद कृष्णबहादुर राकोयाले मध्यपहाडी राजमार्गअन्तर्गत रुकुम पश्चिमको चौरजहारी र जाजरकोटको मडेला जोड्ने भेरी नदीमा पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद श्रीकृष्णप्रसाद अधिकारीले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले संसद्बाटै पुनः लोडसेडिङ हुन्छ भनेर भन्नु गलत भएको बताए । सांसद पूजा चौधरी, बलदेव बोहरा, सावित्री मल्लले समसामियक विषयमा सरकारको ध्यानाकर्षण गराए ।

# सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन सुशासन प्रवर्द्धनसम्बन्धी ऐन : सञ्चारमन्त्री गुरुङ

काठमाडौँ(जस)-सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकमा सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा बाधा देखिएका विद्यमान ऐन संशोधन गर्न सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक ल्याएको स्पष्ट पार्नुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै मन्त्री गुरुङले भने, "विधेयकमा अत्यन्त सकारात्मक र राम्रा प्रावधान समेटिएका छन्, यसले सेवा प्रवाह अझ प्रभावकारी बन्छ, यसमा विरोध गर्नुपर्ने कुनै ठाउँ नै छैन ।"

सुशासन कायम तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह आजको आवश्यकता भएको उल्लेख गर्दै मन्त्री गुरुङले प्रस्तुत विधेयकलाई पारित गरेर सहयोग गर्न आग्रह गरे । सैद्धान्तिक छलफलमा सांसदहरु डा बेदुराम भुसाल, कृष्णबहादुर रोकाया, तुलसाकुमारी दाहाल, गोपीबहादुर सार्की अछामी, तुलप्रसाद विश्वकर्मा, युवराज शर्मा, इन्दिरादेवी गौतम, गङ्गाकुमारी बेल्वासे, राजेन्द्रलक्ष्मी गैरे, डा अञ्जान शाक्य, तारामान स्वाँर, भुवनबहादुर सुनार, गोपाल भट्टराई, रेणु चन्द, विष्णुबहादुर विश्वकर्मा, शारदादेवी भट्ट, सुरेशकुमार आले मगर र श्रीकृष्णप्रसाद अधिकारीले भाग लिएका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीकोतर्फबाट सञ्चारमन्त्री गुरुङले राष्ट्रियसभाको यही चैत ८ गतेको बैठकमा उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । सो बैठकमा उक्त विधेयक प्रतिस्थापन विधेयकका रुपमा नआएको भनी प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नियमापत्ति गरेपछि छलफल हुन सकेको थिएन । बैठकले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले सो विधेयकमाथि संशोधन राख्न चाहने सांसदले सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्नसक्ने व्यहोरा जानकारी गराए ।

# साउदी वार्तामा 'प्रगति'को अपेक्षा: रूसी प्रतिनिधिमण्डल

मस्को(रासस/एएफपी): संयुक्त राज्य अमेरिकाले युक्रेनी र रुसी प्रतिनिधिमण्डलसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुअघि रुसी वार्ताकारले सोमबार साउदी अरबमा हुने वार्तामा 'केही प्रगति' हासिल गर्ने अपेक्षा मस्कोले गरेको बताएका छन् । अमेरिकी कुटनीतिज्ञ किथ केलोगले यस प्रयासलाई होटलका कोठाहरूबीचको 'शटल डिप्लोमेसी' को संज्ञा दिएका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले वार्ताका लागि आफू तयार रहेको बताएका छन् । खाडी मुलुकमा सोमबार अमेरिकी र रुसी अधिकारीबीच छुट्टाछुट्टै बैठक हुनेछ ।

मस्कोले ३० दिनको पूर्ण र निःशर्त युद्धविरामका लागि अमेरिका र युक्रेनको संयुक्त प्रस्तावलाई अस्वीकार गरेको छ ।मस्को र किएभ दुवैले वार्ताको दौडान आक्रमण जारी राखेका छन् । शुक्रबार राति दक्षिणी युक्रेनी शहर जापोरिजियामा रुसी आक्रमणमा परी एकै परिवारका तीन जनाको मृत्यु भएपछि युक्रेनी अधिकारीहरू आक्रोशित भएका छन् । युक्रेनको आपतकालिन सेवाले आइतबार बिहानै भनेको छ, "रुसले किएभमा ड्रोन अपार्टमेन्टका भवनहरूमा आक्रमण गरेको, आक्रमणमा आगलागीसमेत भएको र कम्तीमा दुई जनाको मृत्यु भएको थियो । " किएभका मेयर भिटाली क्लिट्स्कोले आइतबार 'शत्रु युएभीको ठूलो आक्रमण' का कारण शहरका विभिन्न जिल्लामा भग्नावशेष खस्दा सात जना घाइते भएको बताएका छन् ।

# 'सरकारलाई गलत काम गर्ने छुट छैन'

काभ्रेपलाञ्चोक(जस)-कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले वर्तमान सरकारले संविधानविपरीत कुनै पनि गलत काम गर्ने छुट नभएको धारणा राखेका छन् । काभ्रेपलाञ्चोकको पनौतीमा सक्रिय महिला कृषि सहकारी संस्थाद्वारा स्थापित शीतभण्डारको आइतबार उद्घाटन एवं स्थानीय कृषि उत्पादन प्रदर्शनी कार्यक्रममा उनले वर्तमान सरकार जनता केन्द्रित भएर काम गरिरहेकाले संविधानविपरीत गतिविधि नगर्ने विश्वास व्यक्त गरे ।

मन्त्री अधिकारीले सरकारले कृषि उत्पादनमा देखिएका कृषि बजारीकरण तथा प्रवर्द्धनलगायत किसानका समस्या योजनाबद्ध रूपमा समाधान गर्दै जाने जनाए । उनले दुग्ध किसानका समस्या समाधान हुँदै गएका भन्दै अन्य क्षेत्रका सास्या पहिचान गरी समाधान गरिने प्रतिबद्धता जनाए ।"म मन्त्री भएर आउँदा दुग्ध किसानको ११ महिनाको पैसा भुक्तानी हुन बाँकी थियो । अहिले छ महिनामा झारेका छौँ, गत हप्ता पनि नौ स्थानमा भुक्तानीका लागि पैसा निकास भइसकेको छ, अब क्रमशः पैसा दिँदै बाँकी समयावधि घटाउँदै जानेछौँ", उनले भने । मन्त्री अधिकारीले कृषिमा विषादी न्यूनीकारण तथा रासायनिक मल व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याउने बताउँदै एकैपटक विषादी प्रयोग बन्द गर्न नमिल्ने भएकाले प्रयोग गर्नै परे सावधानी अपनाउन किसानलाई आग्रह गरे । उनले भने, "माटोमा पनि रासायनिक मल प्रयोग घटाउँदै प्राङ्गारिक मलको प्रयोग बढाउँदै जानुहोस्, आगामी वर्ष प्रभावकारी मल व्यवस्थापनका लागि सरकारले अहिलेदेखि नै तयारी सुरु गर्दैछ ।" आगामी वर्षका लागि मल व्यवस्थापनमा छुटयाएको रु २७ अर्बमध्ये रु २० देखि रु २२ अर्बसम्मको मल खरिद गरेर बाँकी रकमले किसानलाई घरमा प्राङ्गारिक, जैविक र जीवाणु मल उत्पादन गर्न लगाइने मन्त्रालयस्तरमा छलफल भइरहेको अधिकारीले बताए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधुप्रसाद आचार्यले सरकारले हरेका योजना तथा कार्यक्रम बनाउँदा किसानलाई प्राथमिकता दिइनुपर्नेमा जोड दिए । उनले किसानका पक्षमा देखिएका दुग्धजन्यलगायत कृषि उपजमा देखिएका समस्या समाधान गर्दै जान सरकारलाई सुझाव दिए । सो अवसरमा पाँचखाल नगरपालिका प्रमुख महेश खरेलले खाद्यान्न, दूध तथा तरकारी उत्पादनका लागि प्रख्यात काभ्रेपलाञ्चोकमा किसानका लागि राहतका कार्यक्रम ल्याउन आग्रह गरे। सुमित्रा बञ्जाराले स्थानीयस्तरमा शीतभण्डार व्यवस्थापनमा सरकारले आवश्य सहयोग र समन्वय गर्नुपर्नेमा जोड दिए ।

# सहकारीसम्बन्धी केही ऐन संशोधन विधेयक स्वीकृत

काठमाडौँ(जस)-राष्ट्रिय सभाबाट सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ स्वीकृत भएको छ । राष्ट्रियसभाको आइतबारको बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रस्तुत गरेको उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतबाट स्वीकृत गरेको हो । उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै सहकारीमन्त्री अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्ने उद्देश्यका साथ विधेयक ल्याइएको स्पष्ट पारे । "प्रस्तुत विधेयकले तत्कालका समस्या यथाशीघ्र समाधान गर्नेछ", उनले भने ।

मन्त्री अधिकारीले प्रतिपक्ष, आमजनता र सरोकारवालाको चाहना तथा भावना सम्बोधन हुने गरी सहकारी क्षेत्रका समस्या समाधान गर्नुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको बताए । उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरु डा बेदुराम भुसाल, किरणबाबु पुन, गङ्गाकुमारी बेल्वासे, इन्दिरादेवी गौतम, तुलप्रसाद विश्वकर्मा, युवराज शर्मा, उदयबहादुर बोहरा, मनरुपा शर्मा, तुलसाकुमारी दाहाल, जयन्तीदेवी राई, श्रीकृष्णप्रसाद अधिकारी, रुक्मिणी कोइराला, रेणु चन्द, राजेन्द्रलक्ष्मी गैरे र गोपीबहादुर सार्की अछामीले भाग लिनुभएको थियो ।

## एकीकृत समाजवादीले गणतन्त्र पक्षधरलाई सघाउने

काठमाडौँ(जस)-नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा हुने सबै प्रकारका कार्यक्रमलाई सक्दो सहयोग गर्ने बताएको छ । पार्टीले मातहतका कमिटी तथा सबै जनवर्गीय सङ्गठनलाई गणतन्त्रविरुद्ध गतिविधि गर्नेलाई परास्त गर्न गणतन्त्रका पक्षमा हुने प्रदर्शन, आमसभा, विरोध तथा सङ्घर्षका कार्यक्रममा सक्रिय ढङ्गले सहभागी हुन निर्देशन दिएको छ ।


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०५/२५ मा प्रा.लि.नं.१३९९८४मा दर्ता भएको **नबीस्को फुड एण्ड बेभरेज इण्डष्ट्रि प्रा. लि.** को मिति २०८१/११/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ। **लिक्विडेटर**: तिर्थराज कठायत (इजाजत नं. ६३१)
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. : ९८४३५६२३०४

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०५/२३मा प्रा.लि.नं.२९८६६०मा दर्ता भएको **मि लाइफ स्टाइल मार्केटिङ्ग ग्लोबल नेपाल प्रा. लि.** को मिति २०८१/११/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ। **लिक्विडेटर**: तिर्थराज कठायत (इजाजत नं. ६३१)
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. : ९८४३५६२३०४

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५७/०५/३०मा प्रा.लि.नं.१३९०७मा दर्ता भएको **शिवालय मेटल्स इण्डष्टिज प्रा. लि.** को मिति २०८१/१०/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटर**: तिर्थराज कठायत (इजाजत नं. ६३१)
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. : ९८४३५६२३०४

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
(प्रशासन योजना तथा संस्था दर्ता शाखा)

**दाबी बिरोध सम्बन्धी सूचनाा**

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Sara Employment Pvt. Ltd.** (इ.प.नं. १६२८/०७९/०८०) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ५ मैत्रीचोक परिवर्तन गरी काठमाडौं जिल्ला, टोखा न.पा.वडा नं. ५, मैत्रीचोककै दोस्रो विल्डिङमा कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नुहुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/०६मा स्वीकृती प्राप्त भई साविक कम्पनी **के. एल. एस. प्लाष्टिक इन्डष्ट्रि प्रा. लि.**(प्रा.लि.नं.३५२०२२)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **के. एल. एस. ग्रुप कम्पनी प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/०१मा स्वीकृती प्राप्त भई साविक कम्पनी **सुर्य कन्सट्रक्सन फर्म प्रा. लि.**(प्रा.लि.नं.१३७०४३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **शंखर इन्फ्राटेक प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/०६मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बानेश्वर क्यानेडियन स्टडी सेन्टर प्रा. लि.**(प्रा.लि.नं.२६६९०९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **काठमाडौं सि. एस. सि. ग्लोबल प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८/१२/२२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **रियाक्सन नेपाल भिषा सर्भिसेज प्रा. लि.**(प्रा.लि.नं.१७७२९७)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **एड्मायर ग्लोबल एजुकेशन एण्ड भिसा सर्भिसेज प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/०८मा स्वीकृती प्राप्त भई साविक कम्पनी **होटल सीताचरण प्रा. लि.**(प्रा.लि.नं.३५६७८२)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **होटल सेफरोन ईन्टरनेशनल प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/११/२७मा स्वीकृती प्राप्त भई साविक कम्पनी **के. टि. एम. रोप एक्सिस प्रा. लि.**(प्रा.लि.नं.२७८६२९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **के. टि. एम. कोटिङ्ग प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२०मा स्वीकृती प्राप्त भई साविक कम्पनी **पर्ल ट्रेडर्स प्रा. लि.**(प्रा.लि.नं.२४२६३४)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नेऋण धन, कर दायित्व आदि परिवर्तित नामको **पर्ल सफ्टेक प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।


## विकासमा...

भावनात्मक ढङ्गले चल्नु हुँदैन, अहिले जति पनि समस्या छन्, ती विकासको गतिसँगै आएका हुन् । त्यसलाई व्यवस्थित गरी हामी अगाडि बढ्नुपर्छ", उनले भने ।

कार्यक्रमा चिकित्सा, कानुन, विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बद्ध करिब एक सय ४० युवाको सहभागिता थियो । उनीहरुले आ-आफ्नो क्षेत्रको अवस्था र समस्या राखेका थिए । प्रधानमन्त्री ओलीले आफ्नो क्षेत्रमा केन्द्रित भएर ठोस् रुपमा प्रतिवेदन ल्याउन आग्रह गरे । त्यसलाई सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा समेटेर लैजाने उनले प्रतिबद्धता व्यक्त गरे ।

## संविधानको...

गर्न सफल भएकामा नेपाल विद्यार्थी सङ्घलाई बधाई ज्ञापन गर्दै विजयी सम्पूर्ण विद्यार्थीलाई कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्न शुभकामना व्यक्त गरेको छ ।

पार्टीले सिरहाको औरही गाउँपालिका-५ मा विष्णु महायज्ञ आयोजना गर्ने सन्दर्भमा स्थानीय दलित समुदायका दीपक मरिकको घर भत्काउने कार्य सामाजिक रूपमा निन्दनीय र कानुनी रूपमा दण्डनीय अपराध भएको उल्लेख गर्दै उक्त घटनाका दोषीमाथि कारबाहीको माग गरेको छ। बैठकले नेपाली कांग्रेस (बिपी) को साधारण सदस्यतासमेत परित्याग गरी पार्टीमा समाहित भएका हरिबोल भट्टराई, पुष्पराज पराजुली, गोविन्द शर्मा पौडेललगायत १२ जनालाई पार्टीका विभिन्न पदमा गरिएको मनोनयनलाई अनुमोदन गरेको छ । आजको बैठकमा सहमहामन्त्रीहरू फरमूल्लाह मन्सुर, महेन्द्र यादव र जीवन परियार तथा केन्द्रीय सदस्यहरू विमलेन्द्र निधि, अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, डा शेखर कोइराला, बलबहादुर केसी, ज्ञानेन्द्रबहादुर कार्की, डा नारायण खड्का, सुजाता कोइराला र एनपी साउँदले आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

नेपाली जनसम्पर्क समितिमा दुई किसिमका सदस्यता

काठमाडौँ(जस)-नेपाली कांग्रेसको विदेशस्थित जनसम्पर्क समितिमा दुई किसिमका सदस्यता हुने भएको छ । आइतबार बसेको पार्टी कार्यसम्पादन समितिको बैठकले विदेशस्थित जनसम्पर्क समितिमा 'नेपाली कांग्रेसको क्रियाशील सदस्यता' र 'जनसम्पर्क समितिको सदस्यता' हुने निर्णय गरेको प्रवक्ता प्रकाशशरण महतले जानकारी दिए । जसअनुसार नेपाली जनसम्पर्क समितिको अध्यक्ष, पदाधिकारी वा सदस्य नेपाली जनसम्पर्क समितिको विधानमा व्यवस्था भए बमोजिम नेपाली कांग्रेस क्रियाशील सदस्य वा जनसम्पर्क समितिको सदस्यता प्राप्त गरेको सदस्यमध्येबाट चयन हुन सक्ने निर्णयमा उल्लेख छ ।

जनसम्पर्क समितिको सदस्यता प्राप्त गर्न गैर आवासीय नेपाली परिचयपत्र वा गैर आवासीय नेपाली (एनआरएनए) नागरिकता प्राप्त गरेका व्यक्ति समेतलाई वाधा नपुग्ने कांग्रेसको निर्णयमा उल्लेख छ। यस्तै पार्टीको महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य निर्वाचित हुनका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्य हुन अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ भने जनसम्पर्क समितिको अध्यक्ष स्वतः महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य हुने व्यवस्था हटाइएको कांग्रेसले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'यो व्यवस्था लागु हुनु पूर्व क्रियाशील सदस्यता प्राप्त गरेका विदेशी नागरिकहरुको हकमा निजहरुले प्राप्त गरेको क्रियाशील सदस्यता जनसम्पर्क समितिको सदस्यतामा रुपान्तरित हुनेछ । साथै, निजले प्राप्त गरेको साविकको क्रियाशील सदस्यतालाई सोही अवधिदेखि पार्टीमा संलग्नताको निरन्तरतामा समेत गणना गरिनेछ', निर्णयमा भनिएको छ। यस्तै विदेशस्थित नेपाली जनसम्पर्क समितिले केन्द्रीय महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउने बारे पनि आवश्यक निर्णय गरिएको छ। जसअनुसार कम्तिमा एक सय नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका जनसम्पर्क समितिको अधिवेशनबाट निर्वाचित केन्द्रीय महासमिति सदस्य एक जना हुनेछन् । यस्तैपाँच सय वा सो भन्दा बढी नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका जनसम्पर्क समितिबाट सात जना केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट तीन जना केन्द्रीय महासमिति सदस्य हुनेछन् । यस्तैदुई हजार वा सो भन्दा बढी नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका जनसम्पर्क समितिबाट चौध जना केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट छ जना केन्द्रीय महासमिति सदस्य हुने व्यवस्था गरिएको छ। यस्तै पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा चौध जना र केन्द्रीय महासमिति सदस्य तोक्दा छ जना भन्दा बढी नतोक्ने व्यवस्था गरिएको छ ।

## यौन...

नेपालमा यौन श्रमिकहरुको अवस्था दयनीय छ। माननीयज्यूहरुले उठाएको कुरा गलत भन्न मिल्दैन। कुरा सहि हो । नेपालको कानूनले यसलाई अपराधीकरण गरिरहेको छ । यसलाई निरअपराधीकरण गर्नुपर्छ। स्वइच्छाले काम गर्ने नीति बनाउनुपर्छ । यौन श्रमिकको रुपमा काम गरिरहँदा शोषणमा पनि परेका हुन्छन् । यहाँ जति सजिलो देखिन्छ त्यति सजिलो छैन । यसलाई व्यवस्थापन गर्न पोलिसी बन्नुपर्छ,' उनले भनिन् । उनले यौन पेशा रहरले नभइ बाध्यात्मक परिस्थितिले अवलम्वन गरेको भन्दै यौन श्रमिकहरुको हकका लागि वैधानिक भन्दा पनि नीति बनाउनुपर्ने बताइन् । यस्तै, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारका पक्षमा वकालत गर्दै आएका अधिवक्ता सुजन पन्तले यौन श्रमिकको अधिकार सुनिश्चित गर्नुपर्ने अवस्थामा राजनीतिकीकरण गरिनु दुर्भाग्यपूर्ण भएको बताए । 'यहाँ एउटा वर्ग छ, जो चाहीं पिडामा छ । जसको अधिकार चाहीं राज्यले सुनिश्चित गर्नुपर्ने अवस्थामा यसलाई राजनीतिक गरेर खाने विषय बनाउनु अत्यन्तै दुर्भाग्यपूर्ण छ,' उनले भने । 'राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रमार्फत नेपाल सरकारले तथ्याङ निकाल्छ। जसअनुसार करीब एक लाख यौन श्रमिक रहेका छन् । उनीहरु समस्या विकराल छ यसलाई व्यवस्थापन गनुपर्ने समयमा संसदमा उठ्यो । अव पोजिटिभ आउला भनेको दबाइयो ।' उनले अन्तर ाष्ट्रिय श्रम संगठन (आईएलओ) ले यौन पेशालाई मर्यादित काम भनेर परिभाषित गरको पनि बताए ।

यता, प्रहरीले यौन धन्दामा संलग्नलाई पक्राउ गरेर प्रायः मानव बेचबिखनविरुद्धको अपराधअन्तर्गत मुद्दा चलाउने गरेकाले मानव अधिकार हनन् भएको अधिकारकर्मीहरुको भनाइ छ । मुलुकी संहितामा पनि स्पष्ट व्यवस्था र परिभाषा नभएकाले अपराध अन्तर्गत मुद्दा चलाइने गरेको छ । यौन धन्दाका विषयमा स्पष्ट कानून अभाव छ । कानुन व्यवसायी पन्तले नेपालमा यौन व्यवसाय बारे कानुनी मौनता रहेको, यौन व्यवसाय वैध छ कि अवैध छ भन्ने बारे आ-आफ्नै धारणा रहेको बताए । कानूनमा स्पष्टता नहुँदा नेपालमा यौन व्यवसाय बैधानिक हो कि भनेर अनुमान पनि लगाउन सकिने उनको जिकिर छ ।

## विवाह...

त्यस्तो विवाहपछि जन्मिएका सन्तान जन्मदर्ता गर्नबाट बञ्चित हुन परिरहेको घटना सुनाइन । सदस्य रामकुमार राईले राज्यका हरेक क्षेत्रमा भर्ना हुन १८ वर्षको उमेरलाई आधार मानिएपछि विवाहका लागि २० वर्ष कायम गर्न आवश्यक नरहेको तर्क गरे ।सांसद पूर्णबहादुर घर्तीले विवाहसम्बन्धी हालको प्रावधान नेपाली समाज, शिक्षाको अवस्था र समाजलाई बुझ्न नसकेको परिस्थितिबाट आएको हुनुपर्ने अनुमान गरे । सदस्य जीवन परियारले विवाहसम्बन्धी हालको प्रावधानको दुरुपयोग गर्दै कतिपयले अन्तरजातीय विवाहलाई अस्वीकार गर्दै अपहरण, जबर्जस्तीकरणी र शरीर बन्दजस्ता मुद्दामा युवालाई दुःख दिने काम भएको बताए । सांसदहरुले उठाएको प्रश्नको जवाफमा बैठकमा गृहमन्त्री रमेश लेखकले बालविवाहसम्बन्धी ऐन संशोधनका क्रममा रहेकाले विवाहको उमेरसम्बन्धी प्रावधान सुधार गरी जान सकिने बताएका छन्। उनले भने, "यो विषय अत्यन्त गम्भीरताकासाथ सोच्न आवश्यक छ । यसको रोमियो एण्ड जुलियट विचारधारा पनि छ। उमेर घटनाउने कि रोमियो अवधारणा कार्यान्वयनका लागि ऐन संशोधन गर्ने भन्ने कोणबाट छलफल गर्न सकिन्छ । यसमा छलफलका लागि सरकार खुला छ।"

कानुनमन्त्री अजयकुमार चौरसियाले विवाहसम्बन्धी उमेर र त्यसको उल्लङ्घन गरेको गरिने दण्डसजायसम्बन्धी नयाँ प्रावधान समेटिएको केही समयभित्र संसद्मा विधेयक प्रस्तुत हुने जानकारी दिए । उनले भने, "विवाहको उमेरका सम्बन्धमा विभिन्न भनाइ आएका छन्, हालको व्यवस्था प्रजनन अधिकार र मातृस्वास्थ्यसँग जोडिएको छ । सरकार विभिन्न कोणबाट उठेको सबै आवाजकाबारे छलफल गर्न तयार छ।"

नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, सुरक्षा निकायका भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिन र थुनामा रहेका नागरिकलाई मानव अधिकारको प्रत्याभूति दिलाउन प्रतिबद्ध रहेको बताए ।

## अधिकांश...

चालु आवमा यस्तो ऋण तिर्नका लागि सरकारले रु तीन खर्ब ३६ अर्ब ९५ करोड ४४ लाख विनियोजन गरेको थियो। यस्तै, बाह्य ऋणको सावा-ब्याज तिर्न आगामी आवमा रु ६७ अर्ब १८ करोड ९८ लाख बराबर चाहिने देखिएको छ । जसमध्ये बहुपक्षीय वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ४९ अर्ब ६१ करोड २७ लाख र द्विपक्षीय वैदेशिक ऋण तिर्न रु १७ अर्ब ५७ करोड ७१ लाख चाहिने अनुमान गरिएको छ । चालु आवका लागि सरकारले बाह्य ऋण तिर्न रु ६५ अर्ब ८९ करोड ८२ लाख विनियोजन गरेको थियो ।

अर्थ विविध शीर्षक अर्थात् अबण्डामा ठूलो रकम राखेर तजबिजीमा गर्ने परिपाटीमाथि विगतका वर्षहरूमा संसद्मै आलोचना हुने गरेको छ । चालु आवका लागि सरकारले रु ७५ अर्ब ९५ करोड अबण्डामा राखेर बजेट लाएको थियो तर स्रोत अनुमान समितिले आगामी आवको बजेटका लागि रु एक खर्ब दुई अर्ब २७ करोड ८८ लाख बराबर बजेट अर्थ विविध शीर्षकमा राख्न सकिने गरी सिलिङ निर्धारण गरेको छ । आगामी आवका लागि प्रदेश र स्थानीय तहमा सङ्घ सरकारबाट जाने वित्तीय हस्तान्तरणतर्फको बजेट भने केहि बढ्न सक्ने गरी सिलिङ निर्धारण भएको छ । चालु आवका लागि सरकारले वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब आठ अर्ब ८७ करोड विनियोजन गरेको थियो । आगामी आवका लागि यसको सीमा रु चार खर्ब १३ अर्ब ३९ करोड तोकिएको छ । जसमध्ये प्रदेशलाई रु ९७ अर्ब ५१ करोड १७ लाख र स्थानीय तहलाई रु तीन खर्ब १५ अर्ब ८७ करोड ८३ लाख बराबर सिलिङ तोकिएको छ ।

## एनआरएनए...

घोषणा गरेका हुन् । चुनावमा अन्य अभियन्ताहरु पनि आकांक्षी छन् तर उनीहरुले उम्मेदवारी घोषणा गरिसकेका छैनन् ।

## वीरगञ्जको प्रमुख सडकको सिमाङ्कन गर्न पत्राचार

वीरगञ्ज (जस)-सर्वोच्च अदालतले वीरगञ्जका मुख्य सडक विस्तारविरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौँडाले सो खण्डमा पर्ने सडकको सिमाङ्कन गरिदिन नापी कार्यालय पर्सालाई पत्राचार गरेको छ। सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले यही चैत ८ गते नापी कार्यालयलाई पत्र लेखेर त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डकचोक-पावरहाउस-घण्टाघर-विर्ता-रजतजयन्तीचोक-मितेरी पुलसम्मको सडकमा २५/२५ मिटरको सीमाक्षेत्र सिमाङ्कन गर्नुपर्ने भएकाले सोही बमोजिम गरी सडक सम्पत्ति संरक्षण गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरेको हो ।

डिभिजन प्रमुख अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै सडक विस्तार हुँदा प्रभावित हुने घर, टहराको विवरण सङ्कलन गर्न नापी कार्यालयलाई सिमाङ्कनका लागि अनुरोध गरिएको बताए । "सर्वोच्च अदालतले रिट खारेज गरेपछि सडक विस्तारका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सिमाङ्कन गर्न लागेका छौँ", उनले भने, "सर्वोच्च अदालतको पूर्णपाठ हेरेपछि मात्रै सडक विस्तार अघि बढ्ने कामको सुरुवात गरिनेछ । यसले सडक विस्तारबाट हुने प्रभावित घरधुरीको यकीन विवरण सङ्कलन थालिएको हो ।" डिभिजन प्रमुख अधिकारीले सडकको सिमाङ्कनका लागि तीन महिनाको अवधि लाग्नसक्ने अनुमान गरे । "हामीले नापी कार्यालयलाई पत्राचार गरिसक्यौं । अब उनहरूले कति समय लगाएर यकीन विवरण सङ्कलन गर्नुहुन्छ", उनले भने ।


**अधिकतम खुद्रा मूल्य MRP प्रकाशन गरिएको सम्बन्धमा**

यस F.R INTERNATIONAL GROUP LIMITED (China) बाट उत्पादित तथा यस कम्पनिद्वारा वितरित निम्न मोडलका एयर कन्डिसनर उपकरणका अधिकतम मूल्य यस प्रकार छन् ।

| सि.नं. | आकारर प्रकार | ब्राण्ड | मोडल | क्षमता | प्रति इकाई मूल्य |
|---|---|---|---|---|---|
| 1. | Air Conditioner | JAUS | 12H53RVB1-710(1B3) | 1 ton | NPR 20,467.69 |
| 2. | Air Conditioner | JAUS | 18H53RVE1-730(1B3) | 1 ton | NPR. 20,056.37 |
| 3 | Air Conditioner | JAUS | 24H53RVF1-780(1B8) | 1 ton | NPR. 23,552.59 |
| 4 | Air Conditioner | JAUS | 12H53RVB1-711(Bp1B1) | 1 ton | NPR. 22,524.29 |
| 5 | Air Conditioner | JAUS | 18H53RVE1-760(Bp3B7) | 1 ton | NPR. 21,495.99 |
| 6 | Air Conditioner | JAUS | 24H53RVF1-850(Bp5B9) | 1 ton | NPR. 22,524.29 |

FR International
Sourcing to Logistics
"Your China Office"

**एफ. आर. इन्टरनेसनल प्रा. लि.**
एक्जीम कोड नं : ६०९१५६९६०१२९NP, भ्याट नं : ६०९१५६९६०
काठमाण्डौ, नेपाल, फोन नं : ९८४९९५२०२७

# पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार क्रियाशील छ : उर्जामन्त्री खड्का

काठमाडौं(जस)-ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्रविधिको प्रयोगबाट पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार क्रियाशील रहेको बताएका छन् । 'सबैका लागि समयमै पूर्वसूचना नाराका साथ जल तथा ऊर्जा आयोगको सचिवालयले विश्व मौसम दिवसका अवसरमा आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले विपद्को जोखिम घटाउन पूर्वसूचना प्रणाली अपरिहार्य भएकाले प्रविधिको प्रयोग गरेर पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार लागेको बताए ।

मौसमसम्बन्धी देशको पूर्वानूमान प्रणालीलाई सबल बनाउन 'राडार तथा सेटेलाइट' प्रविधिको प्रयोगलाई सरकारले विस्तार गरिरहेको बताउँदै उनले मोबाइल फोनका माध्यमबाट सम्भावित जोखिम घटाउन ग्रामीण भेगसम्म पूर्वसूचना सेवा विस्तार गरिएको जानकारी दिए । मन्त्री खड्काले जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा च्छोरोल्पा र इम्जा हिमतालको जलस्तर घटाउने काम सफलतापूर्वक सम्पन्न भएको बताउँदै यस्ता कार्यले हिमतालजन्य बाढी जोखिम न्यूनीकरणमा सहयोग पुगेको उल्लेख गरे ।

मुलुकका जलविद्युत् परियोजना, सिँचाइ योजना र दैनिक उपभोगका लागि उपलब्ध पानीको स्रोतको मुख्य आधार हिमनदी भएकाले जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्दै हिमनदीहरूको संरक्षण, पूर्वसूचना प्रणालीको सुदृढीकरण र जोखिम घटाउनु सरकारको पहिलो प्रमुख प्राथमिकता भएको बताए । जल तथा मौसम विज्ञान सेवा सञ्चालनका लागि नीतिगत व्यवस्था नभएकामा मन्त्रालयको नेतृत्वमा जल तथा मौसम विज्ञान नीति, २०८१ त लागू गरिएको मन्त्री खड्काले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले जल तथा मौसम विज्ञान विभागको सेवालाई विस्तार मन्त्रालयको प्राथमिकता हो भने । आयोगका सचिव मधुप्रसाद भेटुवालले जल तथा मौसम सेवा, जलवायु अनुकूलन र हिमनदी संरक्षणको क्षेत्रमा सरकारले विभिन्न निकायसँगको सहकार्यमा काम गरिरहेको बताए ।

# म्यानमारमा बौद्ध पर्यटन प्रवर्द्धन

काठमाडौं(जस)-बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको म्यानमारबाट बढीभन्दा बढी बुद्धिष्ट पर्यटकलाई नेपालमा आकर्षण गर्ने उद्देश्यले म्यानमागरको याङ्गुनमा बौद्ध पर्यटन प्रवर्द्धन गरिएको छ । नेपाल पर्यटन बोर्डले याङ्गुनमा 'नेपाल-म्यानमार व्यापार तथा पर्यटन एक्स्पो-२०२५' आयोजना गरी पर्यटन प्रवर्द्धन गर्न थालेको हो । नेपाल र म्यानमारबीचको ६५औं कूटनीतिक सम्बन्धका अवसरमा बोर्ड र म्यानमारस्थित नेपाली दूतावासको सहकार्यमा यही चैत ८ र ९ गते भएको एक्स्पोमा बौद्ध पर्यटन प्रवर्द्धनमा जोड दिइएको बोर्डले आइतबार विज्ञप्तिमार्फत जनाएको छ । बौद्ध पर्यटन प्रवर्द्धनका साथै नेपाली पर्यटन उत्पादन, सूचना प्रविधि समाधान तथा अन्य वस्तुहरू प्रदर्शन गरेको हो ।

एक्स्पोमा नेपालबाट १६ र म्यानमारका ३० वटा पर्यटन कम्पनीहरूको सहभागिता थियो । नेपालकोतर्फबाट बौद्ध पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै म्यानमारका पर्यटकलाई भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा हुने उडानमार्फत लुम्बिनी भ्रमण गर्न आग्रह गरिएको विज्ञप्तिमा जनाइएको छ । यसका साथै, म्यानमारलाई बैंकिङ तथा वित्तीय प्रविधि क्षेत्रको विकासका लागि सहयोगी बनाउन नेपाली सूचना प्रविधि क्षेत्रलाई प्रस्तुत गरिएको पनि बोर्डले उल्लेख गरेको छ । कार्यक्रमको संयुक्त रूपमा म्यानमारका सङ्घीय मन्त्री यु टुन ओन, म्यानमारका लागि नेपालका राजदूत हरिशचन्द्र घिमिरे, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष शिव अग्रवाल र म्यानमार चेम्बर अफ कमर्सका अध्यक्ष यु ए विनले उद्घाटन गरेका थिए ।

सङ्घीयमन्त्री यु टुन ओनले नेपाल र म्यानमारबीचको व्यापारिक सम्बन्धलाई मजबुत बनाउँदै पर्यटन प्रवर्द्धनमा सहकार्य आवश्यक रहेको उल्लेख गरे । उनले दुवै देशका सरकार र निजी क्षेत्रबीच सहकार्य गर्दै पर्यटन विकास, आपसी व्यापार मेला आयोजना र मानवसंशाधन विकासमा जोड दिनुपर्ने आवश्यकता औंल्याए । त्यसक्रममा याङ्गुन क्षेत्रका मुख्यमन्त्री यु सो थिन, सरकारी अधिकारी, दुवै देशका व्यावसायिक प्रतिनिधि, म्यानमारस्थित नेपाली समुदाय तथा पर्यटन क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रमकैबीच नेपाल पर्यटन बोर्ड र म्यानमार टुरिज्म फेडरेसनले आयोजना गरको संयुक्त बैठकमा नेपाल र म्यानमारका पर्यटन प्रतिनिधिहरूबीच सहकार्यलाई बलियो बनाउने विषयमा छलफल भएको बोर्डले जनाएको छ। नेपाली दूतावासले कार्यक्रमको दोस्रो दिन नेपाली परिकारहरू जस्तै मोमो, सेलरोटी, आलुको अचार र नेपाली चिया समावेश गरिएको 'लाइभ फुड स्टेशन' को आयोजना गरेको हो । म्यानमारमा कार्यरत विभिन्न देशका राजदूत तथा कूटनीतिक प्रमुखहरूलेसमेत नेपाली खानाको स्वाद लिएका छन् । त्यसैगरी पर्यटन बोर्डले म्यानमारसँगको सम्बन्धलाई थप सुदृढ गर्दै बौद्ध पर्यटनलाई प्रोत्साहन गर्न र सूचना प्रविधि क्षेत्रमा सम्भाव्यता खोजी गर्न संयुक्त पहल गरिने प्रतिबद्धता जनाएको छ ।

## माईग्रेशन सर्टिफिकेट हरायो

मिति २०८१/०५/११ गते गोगंबु बाट रत्नपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेसन सर्टिफिकेट तथा अन्य महत्वपुर्ण कागजात हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानमा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।
Name: Roshani Thapa
Reg.No: 804380600016
Symbol No: 23803652
Contact: 9828187592

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति :२०८१/०५/११

**रेसुङगा ह्युमन रिसोर्स प्रा.लि.**को मिति २०८१/०८/२५ गते सम्पन्न बार्षिक/ बिषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इ.ए.टि.सि युरोपियन अटोमेटिभ ट्रेनिङ्ग कम्पनी प्रा.लि.(प्रा.लि. नं.३५३५४२)** कायम गर्ने गरी मिति २०८१/०९/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।


## युएईमा रोजगारीको अवसर

**कम्पनी**: GULF DUNES LANDSCAPING & AGRICULTURALSERVICES COMPANY - LLC **शहर** : UAE

**पूर्व स्वीकृति मिति**: २०८१-१२-१० **च.नं**: 60234999 L.T. No : 320883

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 200 | 0 | स.काममा दक्ष | 800 | २९,८९६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MONTAGE OVERSEAS (P.) LTD.**
1726/69 GMS Path (W) near Kalanki Temple, Kathmandu-14, Nepal
Tel: +977-1-4287119, Mob No.: 9801322330
Fax No.: +977-01-4287119, Email: montagedocuments@gmail.com,
Web: www.montageoverseas.com
License No.:798/065/066

## साउदीमा रोजगारको सूवर्ण अवसर

**WEBUILD S.P.A.**

पूर्व:स्वीकृति मिति : २०२५/०३/२३ LT.No: 320639 चलानी नं. ६०२३५००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाने/बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 98 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६८०० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २,३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | रू.१०,०००/- |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

**अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८१ चैत १८ गते (31 March, 2025) यस प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।**

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : recruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५

www.jobs4hunt.com is the road to your succes in your carrer


# सुशासन र समतामूलक समाज निर्माणमा तदारूकता आवश्यक छ : राष्ट्रपति पौडेल

काठमाडौं(जस)-राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण एवं विकास र समृद्धिको संवैधानिक उदेश्य प्राप्त गर्न सकिने हुँदा त्यसतर्फ नेपाल सरकारको तदारूकता आवश्यक भएको बताएका छन् । नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति पौडेलले उपलब्ध स्रोतसाधन परिचालन गरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण एवं विकास र समृद्धिको संवैधानिक उद्देश्य प्राप्त हुने बताए ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको मूलभूत मर्म र भावना एवं राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्दै जानुपर्ने उल्लेख गरे । उनले आगामी दिनमा नेपालको संविधानको मर्म र भावनाबमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअनुसारका काम कारबाही क्रमिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकार अझ सक्रिय तथा क्रियाशील रहने विश्वास लिएको बताए ।

## Kerabari Rural Municipality
### Office of The Rural Municipal Executive
### Kerabari Morang Koshi Provience Nepal

**Invitation for Bids**

**First Date of publication: 2081/12/11**

1. Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Work.
2. A complete set of Bidding Documents may be purchased from EGP System i.e.www.bolpatra.gov.np/egpby eligible Bidders with necessary document.
   Name of the Bank: NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality Rajaswa Sirshak No:14229
   Office Code No: 801011312
   Account no.: 0562056501423002 (for Bid Document Fee) Ga.1.1.Antarik Rajaswa Khata, Kerabari Gaupalika.
   Account no.:0562056501423008 (for Bid Security for Cash Deposit) Ga.3.Sthaniya Taha Dharauti Khata Kerabari Gaupalika.
3. The Pre-bid meeting will be held on 31st Chaitra 2081 BS .

| S N | Contract ID | Name of Contract | Bid Document Fee | Bid Security | Bid Submission Date & Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|
| 1 | KRMC/MOR/W/ NCB-08(081/082) | Asphalt Concreting of Triveni Chowk to Phedi Road, Rangashala Marga and Lakhan Marga, KRM-3,8 and 10 | NRs 5,000 | NRs. 5,60,000 | 10 Baishak 2082 BS at 12:00 hrs. | 10 Baishak 2082 BS at 13:00 hrs. |

**Chief Administrative Officer**

## Bheemdatt Municipality
### Office of Municipal Executive
Kanchanpur

**Invitation for Bid**

(Date of Publication: 2081/12/11)

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works

| Contract Number | Description Procurement | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| 55/NCB/SSL/ 2081/082 | Supply, Delivery, Testing and Installation of Street Solar Light | NPR- 1,15,000.00 | 3,000.00 | 10th Baishakh 2082 At 12:00 PM | 10th Baishakh 2082, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
### पूर्वाधार विकास कार्यालय
कोशी प्रदेश, विराटनगर, मोरङ्ग

**शिलबन्दी कोटेशन स्विकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८१-१२-११ )

यस कार्यालयबाट मिति २०८१-**१०-२२** गतेको सौर्य दैनिकमा प्रकाशित शिलबन्दी कोटेशन आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्रदाताहरुको शिलबन्दी कोटेशन न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । **तपशिल:**

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Budiganga Ga. Pa.-1 Ram Mandir dekhi Mahila Jagriti BridhaAshram Samma ko Bato Nirman, Budhiganga-1, Morang (Contract ID No:IDO/MOR/SQ/RW-229/081-82) | M/S Rubi Nirman Sewa, Biratnagar-10, Morang, Koshi Pradesh | 989372.91 |
| 2 | Upgrading of Budiganga-6 Alanpur Sadak Istarunnati, Budiganga-6, Morang (Contract ID No:IDO/MOR/SQ/RW-230/081-82) | M/S Tabij Nirman Sewa, Madhelee-08, Sunsari | 921685.11 |
| 3 | Upgrading of Hari parajuliko ghar uttar Innj Bastolako ghar jaane sadak Istarunnati Budiganga 1, Navjyoti marga, Morang (Contract ID No:IDO/MOR/SQ/RW-231/081-82) | M/S Khadga and Sons Construction, Biratnagar-10, Morang | 927371.04 |
| 4 | Upgrading of Sitaula Nahar Pari Birat Medical Dakchin Bato Nirman, Budiganga -2, Morang (Contract ID No:IDO/MOR/SQ/RW-232/081-82) | M/S Rubi Nirman Sewa, Biratnagar-10, Morang, Koshi Pradesh | 1222045.41 |
| 5 | Upgrading of Bagbon thaan Parti dekhi Madhupark samma Sadak, Budiganga-2, Morang (Contract ID No:IDO/MOR/SQ/RW-233/081-82) | M/S Rubi Nirman Sewa, Biratnagar-10, Morang, Koshi Pradesh | 959470.95 |

## सम्पादकीय

# निराशाजनक बजेट खर्च

देश संघीय व्यवस्थामा प्रवेश गरेको एक दशकको अवधिमा पनि देशले विकासको उपयुक्त गति नलिएको भन्दै आम जनताको तहमा निराशा भेटिन्छ । संघीय व्यवस्थामा भएसँगै प्रदेशहरुले आ–आफ्नो प्रदेशमा विकासका नयाँ लहर ल्याउने अपेक्षा गरिएपनि प्रदेश सरकारहरु पनि दैनिक प्रशासनमा रुमलिएको देखिन्छ । अहिले सबै प्रदेशहरुको बजेट खर्चको अवस्था निराशाजनक देखिएको छ । यसको उदाहरण बागमती प्रदेशको बजेट खर्चलाई नै हेरेपनि हुन्छ । प्रदेश सरकारले चालु आर्थिक बर्ष २०८१/८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकामा आठ महिना सकिँदा १० अर्ब ५० करोड २९ लाख नौ हजार खर्च भएको छ । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । सो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले नौ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सन्यालले बताए। चालु आवको दोस्रो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको छ । योजनाहरु कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको छ । अर्कोतर्फ बागमती प्रदेशको राजस्व संकलन पनि बर्सेनि घट्दो देखिन्छ । चालु आवको आठ महिनाको अवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको छ । प्रदेश सरकारले राजस्व बाँडफाँडबाट २९ अर्ब ५५ करोड ८९ लाख राजस्व संकलनको लक्ष्य राखेकामा सो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् १३ अर्ब ९० करोड २७ लाख ६८ हजार मात्र राजस्व संकलन गरेको छ । यस्तै सङ्घीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् आठ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकारको आन्तरिक स्रोतबाट चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार राजस्व संकलनको लक्ष्य रहेकामा सो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार राजस्व मात्र संकलन भएको छ ।

यसअघि अघिल्लो आवमा बागमती प्रदेशको राजस्व नौ अर्ब तीन करोड ३१ लाख २७ कम संकलन भएको थियो । प्रदेश सरकारले आव २०८०र८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्व र सङ्घीय सरकारबाट प्राप्त अनुदान समेतबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार राजस्व संकलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट रु ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व संकलन गर्न सकेको थियो । आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलनगरेको थियो । प्रदेश सरकारले आव २०७९।८० मा ५५ अर्ब ३१ करोड राजस्व संकलनको अनुमान गरेकोमा ४५ अर्ब ८ करोड राजस्व संकलन गरेको थियो । सङ्घीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायतका राजस्व संकलनमा आएको कमी र आर्थिक मन्दीका कारण सङ्घीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । यसरी हेर्दा निराशाजनक बजेट खर्च र कमजोर राजस्व संकलनका कारण प्रदेशहरु असफल हुने देखिन्छन । यसमा समयमै ध्यान पुर्‍याउन नसके भविष्य सुखद हुनेछैन् । ध्यान पुगोस ।

## स्वास्थ्य जानकारी

### राति घण्टौं निन्द्रा नलाग्दा उपयोगी योग आसन

काठमाडौं । व्यस्त जीवन, तनाव, गलत जीवनशैली र स्क्रिन टाइमको बृद्धिका कारण धेरैलाई निद्रा नलाग्ने समस्या देखिन थालेको छ । राम्रो निन्द्राले शरीरलाई आराम दिन मात्र नभई मानसिक स्वास्थ्यका लागि पनि धेरै महत्त्वपूर्ण हुन्छ । यदि तपाई पनि राति ढल्किरहनु हुन्छ तर सुत्न सक्नुहुन्न भने योगले तपाईलाई मद्दत गर्न सक्छ । योगले शरीरलाई लचिलो मात्र बनाउँदैन, यसले मानसिक शान्ति पनि दिन्छ र अनिद्रा हटाउन पनि प्रभावकारी हुन्छ । विशेष गरी यहाँ केही योग आसनहरू छन्, जसले शरीरलाई गहिरो आराम दिन्छ र राम्रो निद्रामा मद्दत गर्दछ । आजको यस लेखमा हामी केही यस्ता योगासनका बारे जानकारी गराउने छौं, जसले अनिद्राको समस्यालाई हटाउन सक्छ ।

**बालासान** : बालासनले शरीर र दिमागलाई शान्त बनाउँछ, जसले तनाव कम गर्छ र राम्रो निद्रामा पुर्‍याउँछ । यसका लागि तपाईंले आफ्नो घुँडा टेकेर बस्नु पर्छ र आफ्नो खुट्टा पछाडि फैलाउनु पर्छ । अगाडि झुकेर, भुइँमा आफ्नो निधारमा आराम गर्नुहोस् र आफ्नो हातहरू अगाडि बढाउनु होस् । केही समय यस स्थितिमा रहनु होस् र गहिरो श्वास लिनुहोस् ।

**उल्टो मुद्रा** : यो आसनले रक्तसञ्चार सुधार गर्छ र दिमागलाई शान्त बनाउँछ, जसले छिट्टै निदाउन मद्दत गर्छ । यसका लागि पर्खालको छेउमा सुत्नु होस् र आफ्नो खुट्टा माथि उठाउनु होस् र तिनीहरूलाई भित्तामा आराम गर्नुहोस् । आफ्नो हात शरीरको छेउमा राख्नुहोस् र आफ्नो आँखा बन्द गर्नुहोस् । ५-१० मिनेटको लागि यो स्थितिमा रहनुहोस् र बिस्तारै सास फेर्नुहोस् ।

**सुखासन** : गहिरो सास फेर्दा शरीरमा अक्सिजनको मात्रा बढ्छ र सुत्न मद्दत गर्छ । त्यसैले सुखासन पनि गर्न सकिन्छ । यो गर्न पनि धेरै सजिलो छ । पद्मासन वा सुखासनमा बस्नुपर्छ । आफ्नो आँखा बन्द गर्नुहोस् र लामो गहिरो सास लिनुहोस् । ५-१० मिनेट ध्यान गर्नुहोस् । तपाईंले प्रभाव देख्न सुरु गर्नु हुनेछ ।

**उत्तानासन** : यो आसनले शरीर र दिमागलाई आराम दिन्छ र स्नायुहरूलाई शान्त बनाउँछ । यसका लागि सिधा उभिनुहोस् र आफ्नो खुट्टालाई अलिकति अगाडि झुकाउनु होस् र हातले खुट्टा छुने प्रयास गर्नुहोस् । ३० सेकेन्डदेखि १ मिनेटसम्म यस स्थितिमा रहनु होस् र त्यसपछि सामान्य बन्नु होस् ।

**शवासन** : शवासन उत्तम योग आसन हो, जसले सम्पूर्ण शरीरलाई आराम दिन्छ र राम्रो निद्रामा मद्दत गर्दछ । यो गर्न पनि धेरै सजिलो छ । तपाईले गर्नुपर्ने भनेको तपाईको पछाडि सुत्नु हो र तपाईको हात र खुट्टा खुकुलो छोड्नु हो । त्यसपछि आँखा बन्द गर्नुहोस् र बिस्तारै सास फेर्नुहोस् । ५-१० मिनेटको लागि यो स्थितिमा रहनु होस् र त्यसपछि सामान्य बन्नु होस् ।

# नासिँदै गएको जल भण्डार र सगरमाथा संवाद–२०२५

– प्रकाश रेग्मी

**चार्ल्स डार्विन को सिद्धान्त 'सबैभन्दा सक्षमको अस्तित्व' बमोजिम परिवर्तित हावापानीसँगै मानिसले आफ्नो जीवनशैलीमा पनि परिवर्तन गरेर जीवनलाई सहजतातिर उन्मुख गराउँदै जानु अति बुद्धिमानी ठहर्छ । त्यसैले, प्रभावित क्षेत्रहरूमा सूचनाका माध्यमबाट प्रविधि हस्तान्तरणका साथै मानिसलाई अति आवश्यक पर्ने खाद्यान्नलगायतका वस्तुहरू उत्पादन र उपभोग ढाँचामा समयानुकूल परिवर्तन गराउने । खालाका प्रयासका कामहरू गर्नुपर्ने देखिन्छ ।**

खैरा छालाले अंग्रेजी वर्णमालामा लेखिएका तथ्याङ्क र त्यसका नतिजा सजिलै स्वीकार गर्ने तर आफ्नै भाषा र आफ्नै देशका लेखकहरूले लेखेका तथ्याङ्क र त्यसका नतिजाका बारेमा थप प्रमाणको आवश्यकताको माग गर्ने हाम्रा ब्युरोक्रेसीको चरित्रको तीतो अनुभवबाट यो लेखक अज्ञात छैन । यसमा कति कानुनी बाध्याता होलान् त कति समय र खर्च बडाउने अभिप्राय पनि होलान् । तर पनि यस विश्व पानी दिवस-२०२५ जुन प्रत्येक वर्ष मार्च २२ का दिनमा मनाइन्छ, यसको नारा पनि हिमनदी संरक्षण रहेको र नेपालमा हुँदै गरेको सगरमाथा संवाद ।२०८२ जेठ २, ३ र ४ को पूर्वसन्ध्यामा छोटो विवेचना गर्ने प्रयास गरें ॥ जलवायु परिवर्तनका कारण विश्वको लगभग ७० प्रतिशत ताजा पानी आपूर्ति गर्ने हिमनदी र बरफका पत्रहरू अतिरिक्त गतिमा पग्लिँदै जाँदा, करोडौं मानिसहरूको लागि दीर्घकालीन पानीको स्रोत खतरामा पर्ने देखिन्छ । हिमनदीहरू हराउँदै जाने दरमा वृद्धि भएका कारण संयुक्त राष्ट्र संघको महासभाले सन् २०२५ लाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्ष घोषणा गरेको छ ॥ यसै सन्दर्भमा नेपाल सरकारका हालका प्रधानमन्त्री केपी शर्मा ओलीको अगुवाइमा २०८२ जेठ २, ३ र ४ गते सगरमाथा संवादको कार्यक्रम आयोजना गर्ने घोषणा भएको छ । नेपाल सरकारले झन्डै पाँच करोड खर्चेर यो कार्यक्रम हुँदै छ । यो संवाद आयोजना गर्नुको उद्देश्य नेपाल सरकारले जलवायु परिवर्तनमा पर्वतीय राष्ट्रहरूका बीच जलवायु न्यायका लागि नेतृत्वदायी भूमिका खेल्न प्रयास गर्ने भनिएको छ ॥

नेपाललगायत संसारका पर्वतीय र विकासमा पछाडि परेका देशहरू हालको विकसित जलवायु परिर्तनले निम्त्याएको अनेकौं समस्याको चपेटामा छन् । सूर्बाट आएको सौर्य विकीरणको ४७ प्रतिशत भाग सोझै जमिन र महासागरले अवशोषित गर्छ, सात प्रतिशत विकीरण सोझै अन्तरीक्षमा अर्थात् वायुमण्डल भन्दाबाहिर जान्छ । बचेको ५० प्रतिशत ताप बादल, हावामा रहेको पानी, हावामा रहेका धुलकणहरूसँग मिसिँदै पुनः अन्तरिक्षमा ।जान्छ । यसरी जुन अप्रत्यक्ष रुपबाट अन्तरीक्षतिर तापको विकीरण जाने बाटोमा रहेका बादल र हावामा जुन अतिरिक्त धुलकण र कार्बन बढेको छ, त्यसले अतिरिक्त ताप अवशोषित गर्दछ र वायुमण्डलको तापमान बढाउन सहयोग गर्छ । हावा सधैं गतिशील जुने हुनाले कुनै एक स्थानमा भएको अतिरिक्त तापक्रमसहितको हावा सजिलै संसारको कुनै पनि कुनामा पुग्न जान्छ । त्यसैले, हामीले नगरेको गल्ती भएर पनि हामी जलवायु परिवर्तनको प्रभावबाट प्रताडित छौं । विश्वव्यापी रूपमा नेपाल जलवायु परिवर्तनको जोखिमको हिसाबले चौथो स्थानमा राखिएको छ । पृथ्वीको सतह तथा वायुमण्डलको तापमानमा आएको वृद्धिको कारण देशको उत्तरमा रहेको हिमालयको हिउँ अतिरिक्त दरमा पग्लदै जाँदा हिमतालहरूको संख्यामा वृद्धि हुनुका साथै हिमतालका आकारमा वृद्धि हुँदै आएको देखिन्छ । यो प्रक्रियाले नेपालका नदीहरूमा बेमौसमी बाढी तथा पहिरो गएका समाचारहरू आउने गर्दछन् । जसले गर्दा हजारौं घरहरू, कृषियोग्य जमिन र सडकहरूको विशाल क्षेत्र जोखिममा परेको देखिन्छ । प्रविधिले साँघुरो बनाएको विश्व परिवेशमा आफ्नो देशबाट टाढै रहेर पनि प्राप्त गर्न सकिने सूचनाका आधारमा आफूले जानेका काम गरेर लेखमार्फत् पाठक वर्गमा पुर्‍याउन मन लाग्यो । यस सानो सोधका लागि सेटेलाइटबाट प्राप्त गर्न सकिने नेपालका हिमतालहरूको अवस्थिति, विश्व बैंकको जलवायु परिवर्तन ज्ञान पोर्टल र नेपाल सरकारको जलविज्ञान तथा नाप विज्ञान विभागले सर्वसाधरणका लागि इन्टरनेटमार्फत् उपलब्ध गराएका सूचनाहरूलाई प्रयोग गरेको छु ।

टेबलमा सन् १९०१ देखि सन् २०२०, जम्मा १२० वर्षसम्मको विभिन्न १२ महिनाको औसत तापक्रम देखाइएको छ । उक्त डाटालाई विश्व बैंकको जलवायु परिवर्तन ज्ञान पोर्टलमा विभिन्न ढाँचामा डाउनलोड गर्न सकिने गरी उपलब्ध छन् । टेबलमा देखाए बमोजिम यस अवधिमा प्रत्येक महिनाको औसत तापक्रम बढेको देखिन्छ । पहिलो ३० वर्षको आधार अवधिभन्दा चौथो अन्तिम ३० वर्षे अवधिमा सबै महिनामा औसत तापक्रम बढेको तथ्य टेबलबाट देख्न सकिन्छ । टेबलको डाटाबाट विकसित गरिएको चार्टमा हेर्दा गर्मी महिनाका दिनहरूमा भन्दा जाडो महिनाका दिनहरूमा तापमान बढी दरमा बढेको देखिन्छ । सन् १९०० देखि हालसम्म ।पृथ्वीको सतहको तापक्रम लगभग १.१ डिग्री सेल्सियसले बढेको अनुमान गरिन्छ । नेपालमा ।कुल १२० वर्षको अवधिमा औसत तापमान ०.७२ डीग्री सेल्सियसले बढेको डाटाले देखाउँछ । तर, महिना अनुसार तापक्रम वृद्धि भने फरक-फरक छन् । सबैभन्दा कम तापक्रम बढेको महिना जुन हो ।यस १२० वर्षको अवधिमा जुन महिनामा जम्मा ०.१८ डिग्री ।सेल्सियसले तापक्रम बढेको देखिन्छ भने नोभेम्बर महिनामा सबैभन्दा बढी वा १.५५ डीग्री सेल्सियसले तापक्रम बढेको देखिन्छ । जाडो महिनाहरू हिमछादित क्षेत्रमा हिउँ जम्माहुने समय हो । यो जम्मा भएका हिउँ विस्तारै तापक्रम बढेसँगै पग्लिएर हिमनदी, हिमताल हुँदै नदीमा रुपन्तरित हुन्छन् र आफ्नो मार्गका क्षेत्रहरूमा सिन्चित गर्दै जीव र वनस्पति जगतलाई अति आवश्यक पर्ने पानीको आपूर्ति गर्छन् । यसरी हिउँ भण्डार हुने समयमा नै तापक्रम बढ्नुले नेपालका उच्च पर्वतीय क्षेत्रहरूमा हिउँ भण्डारको मात्रा घटिरहेको हुनुपर्छ भन्ने आँकलन गर्न सजिलै सकिन्छ । तर, कति मात्रामा घटेको छ भन्ने मापन गर्न भने त्यति सजिलो छैन ।

यसरी औद्योगिक संसारले सिर्जना गरेको समस्याका कारण हामीजस्ता अविकसित देशका जनताहरूले सजाय भोग्नु परिरहेको छ । हामी विवश छौं, हामीले उक्त बढेको तापक्रम रोक्न वा घटाउन खासै उल्लेखनीय क्रियाकलाप गर्न सक्दैनौं । तर, भावी पुस्ताका लागि 'वातावरण जोगाऊँ'जस्ता नाराका साथ विश्व सनुदायबीच वातावरण अधिकारका मुद्दाहरू प्रखर रुपमा राख्न सक्छौं । यस सन् २०२५ मे महिनामा हुने सगरमथा संवादका अवसरमा वातावरण संरक्षणका लागि अधिकारका रुपमा सहयोगको आह्वान गर्न यस संवाद कार्यक्रमले हामीलाई अवसर मिलाएको छ । नेपालमा हिमतालहरूको संख्यामा निरन्तर वृद्धि भइरहनु, हिमाली क्षेत्रमा तापक्रम बढ्नुको नतिजा हो । औद्योगिक देशहरूले वायुमन्डलमा थुपारेको हरित गृह ग्यासका कारण हामीले हाम्रो जलको भण्डार गुमाउँदै गएका छौं । हाम्रो जल भण्डार जोगाउनु हाम्रो आफ्नै जिम्मेवारी हो भने यस गुम्दै गएको जल भण्डार संरक्षणका लागि आवश्यक सहयोग प्राप्त गर्नु हाम्रो अधिकारको रुपमा हेरिनु पर्दछ । अनि अधिकारका रुपमा प्राप्त भएका सहयोगलाई तीन तरिकाले उपयोग गर्नु पर्दछ भन्ने प्रणेताको सुझाव रह्यो । १. निरन्तर अनुगमनः नक्सामा देखाइए अनुसार नेपालको उत्तरी भाग जलश्रोतको भण्डार हो । निरन्तर बढिरहेको तापक्रमको कारण उक्त क्षेत्रको हिउँ अतिरिक्त गतिमा पग्लिरहेको छ । हिमनदीहरू द्रूत दरमा पग्लँदै, हिमताल बन्दै अनि नदी हुँदै छिटो-छिटो गतिमा बगेर पानी खेर गइरहेको छ । त्यसैले, ती हिम क्षेत्र निरन्तर अनुगमनको परिधिमा हुनु आवश्यक छ । निरन्तर अनुगमनले कुन क्षेत्रको तापक्रमको ढाँचामा कसरी परिवर्तन भइरहेको छ भन्ने सूचना प्रदान गर्दछ र भावी प्रभावकारी योजना बनाउन सहयोग मिल्छ । निरन्तर अनुगमनका लागि जलवायु स्टेशनहरू नै मुख्य सूचनाका स्रोत हुन सक्छन् ।उल्लेखित नक्सामा ती जलवायु स्टेशनहरू स्थायी जल भन्डारका क्षेत्रहरूभन्दा बाहिरतिर वितरित भएको देखिन्छ । विभिन्न समयमा विभिन्न उद्देश्यका लागि स्थापना भएका ती स्टेशनहरूले हिम क्षेत्रको सूचना दिन नसक्ने हुनाले अब थपिने स्टेशनहरू हिमछादित क्षेत्रतिर आकर्षित गर्नुपर्ने देखिन्छ ॥

२. संरक्षणः लामो समयदेखि निरन्तर बढिरहेको तापक्रमका कारण हिमनदीहरूको लम्बाई छोटिँदै अनि हिमतालहरूको संख्या बढ्दै गइरहेको छ । हिमतालमा पानीको मात्रामा पनि क्रमशः बढ्दै गएको छ र उनीहरू विस्फोट हुने अवस्थामा छन् । ती विस्फोट भए भने एक त जल भण्डारमा रहेको पानीको मात्रा अचानक घट्ने, दोस्रो हिमताल भन्दा तल्लो तटीय क्षेत्रमा ठूलो धनजनको नोक्सान हुने अवस्था छ । त्यसैले, उक्त तालहरूमा आवश्यक बाँध तथा सुरक्षित पानीको निकास मार्ग बनाएर पानीको संरक्षण साथै तालभन्दा तल्लो तटीय क्षेत्रलाई सम्भावित जोखिमबाट संरक्षण गर्नुपर्ने देखिन्छ । ३. अनुकूलनः चार्ल्स डार्विन को सिद्धान्त 'सबैभन्दा सक्षमको अस्तित्व' बमोजिम परिवर्तित हावापानीसँगै मानिसले आफ्नो जीवनशैलीमा पनि परिवर्तन गरेर जीवनलाई सहजतातिर उन्मुख गराउँदै जानु अति बुद्धिमानी ठहर्छ । त्यसैले, प्रभावित क्षेत्रहरूमा सूचनाका माध्यमबाट प्रविधि हस्तान्तरणका साथै मानिसलाई अति आवश्यक पर्ने खाद्यान्नलगायतका वस्तुहरू उत्पादन र उपभोग ढाँचामा समयानुकूल परिवर्तन गराउने ।खालाका प्रयासका कामहरू गर्नुपर्ने देखिन्छ ।

# वन पैदावार उपयोग नहुँदा बढ्दै डढेलोको जोखिम

–हरिप्रसाद बाँस्तोला

**स्थानीय वन समूहले पनि डढेलोको मुख्य 'सिजन' तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ । जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर 'हेरालो'को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ । वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ । जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो । वन डढेलोविरुद्ध सचेतीकरणतर्फ विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ ।**

हिउँदे वर्षाको कमी, बढ्दो तापक्रम र वन पैदावारमा आधारित उद्यम सञ्चालन हुन नसक्दा मुलुकमा वन डढेलोको जोखिम बढ्दै गएको छ । वन क्षेत्रमा रहेका ज्वलनशील पदार्थ उपयोग नहुँदा डढेलोको जोखिम बढेको हो । वन क्षेत्रको घाँस, दाउरा, काठलगायत वन पैदावार उपयोग नहुनु र चरिचरणको अभावमा जङ्गलमा पातपतिङ्गर तथा झाडी थुप्रिँदै जाँदा वन डढेलोको जोखिम प्रत्येक वर्ष बढ्दै गएको छ । डढेलोले वन्यजन्तु, बोटबिरुवा, वनस्पति, जडीबुटी र काठ दाउरासहित जैविक तथा पर्यावरणीय क्षति बढ्दै गएको छ । सरकारी पक्षको उदासिनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, परम्परागत ज्ञान प्रयोगमा कमी जस्ता कारणले मुलुकमा वन डढेको प्रकोप निरन्तररुपमा बढ्दै गएको हो । वन डढेलोको मुख्य कारण मानवीय लापरबाही नै हो । वन क्षेत्रमा खनिएका सडकका यात्रीले प्रयोग गरेका प्रज्वलनशील पदार्थ, चुरोट बिँडी खाएर फालेका ठुटा, स्थानीय बासिन्दाले निजी जग्गामा पोलिएका सोत्तरका कारण सल्किएको सानो झिल्कोले सिङ्गो वन, जङ्गली जनावर एवं चराचुरुङ्गीको बासस्थान नष्ट हुनुका साथै मानवबस्तीसमेत सखाव भएका घटना घटने गरेका छन् । लामो समय वर्षाको अभावका कारण जोखिमयुक्त सिजन नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो लागेको खबर आउन थालिसकेका छन् । यस वर्ष हिमाल पारिको जिल्ला मनाङमा माघको अन्तिम हप्तामासमेत जङ्गलमा आगो लागेको घटनाले थप चुनौती उत्पन्न भएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्ने सो क्षेत्रमा सल्लाको काठ, पातपतिङ्गरले गर्दा आगो नियन्त्रण गर्न चुनौती भएको थियो । सुक्खायाम र हावाहुरी चल्ने मौसमले गर्दा पनि आगो बढेको हो । डढेलोले वनआलु, लौठसल्ला, जटामसी, पाँचऔंले, गुची च्याउलगायत जडीबुटीजस्ता खाद्यान्न तथा बहुमूल्य जडीबुटी सङ्कटमा पर्दै गएका छन् ।

अघिल्लो वर्ष कास्कीको अन्नपूर्ण गाउँपालिकामा एक जनाको आगो नियन्त्रणका क्रममा ज्यान गएको थियो । जङ्गलमा फैलिएको आगोबाट बास जोगाउन खोज्दा ज्येष्ठ नागरिकको श्वास रहेन । कास्कीमा वनमा आगो लगाउने एक जनालाई डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत तीन जनालाई पक्राउ गरी धरौटीमा छोडिएको थियो । प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरका काठ, काठजन्य सामग्री, आल्मोनियम, फलाम र युपिभिसीजस्ता सामानको आयात वृद्धि हुनु र मुलुकको वन पैदावार कुहिएर र सडेर खेर जानुका साथै वन क्षेत्रमा झाडी बढ्दा सुक्खा मौसममा आगलागीको जोखिम बढ्दै गएको छ । वन डढेलोका कारण वातावरणीय र मानव स्वास्थ्यमा जटिल समस्या सिर्जना भएको विगतले देखाएको छ । मुलुक सङ्घीय संरचनामा गएसँगै गठित प्रदेश सरकारले सामुदायिक वन समूहलाई थोपारेको करले उपभोक्तामा वनको संरक्षणप्रति दिनप्रतिदिन नैराश्यता बढ्दै जानु, जङ्गली जनावरले उठिबास गराउँदा ग्रामीण क्षेत्रमा कृषिलगायत विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्ने स्थानीय बासिन्दा पछिल्लो समय गाउँ छोड्न बाध्य भएका छन् । सगरमाथा, बुद्धजन्म भूमि र पछिल्लो समय नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको छ । उपभोक्ताको पहलमा संरक्षण, सम्वर्द्धन र विकासमा महत्वपूर्ण भूमिका रहे पनि त्यसबाट स्थानीय र राज्यले कुनै पनि उपलब्धि हासिल गर्न नसक्दा बेल पाकेर कागलाई हर्षन विस्मात जस्तै भएको छ ।

वन तथा भू-संरक्षण विभागका अनुसार विसं २०७० वैशाखदेखि २०७९ चैतसम्म १८ हजार सात सय ९१ वटा आगलागी तथा वन डढेलोका घटना घटेका थिए । त्यस अवधिमा आगो नियन्त्रणमा परी सात सय ६९ को ज्यान जानुका साथै दुई हजार पाँच सय ६८ जना घाइते भएका छन् । सो अवधिमा २२ अर्ब २३ करोडभन्दा बढीको क्षति भएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कअनुसार भू-उपग्रहबाट 'रेकर्ड' गरिएको विवरणअनुसार २०८० साल मङ्सिरदेखि चैत १३ गतेसम्म देशभर एक हजार १९६ स्थानमा डढेलो लागेको थियो । डढेलो लागेको जङ्गलमध्ये डिभिजन वन कार्यालयअन्तर्गत रहेका आठ सय आठ र संरक्षित क्षेत्रअन्तर्गतका तीन सय ८८ वटा थियो ।

संरक्षित क्षेत्रतर्फ सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्ज र सीमावर्ती क्षेत्रमा एक सय १३ र सबैभन्दा कम रारा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको तीन स्थानमा मात्र वनडढेलो लागेको थियो । त्यसैगरी बागमती प्रदेशमा दुई सय ७८ स्थान सबैभन्दा बढी र लुम्बिनी प्रदेशमा सबै भन्दा कम ४१ स्थानमा डढेलो लागेको विभागले जनाएको छ । वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टरभन्दाबढी वन क्षेत्रमा डढेलो लाग्दा वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष क्षति हुने गरेको अनुमान छ । विशेष गरी नेपालमा ८० प्रतिशत भन्दाबढी डढेलो फागुनदेखि वैशाखसम्म लाग्ने गरेको छ । लामो खडेरी, हावाहुरी र अत्यधिक गर्मीका कारण उक्त अवधिमा डढेलोको जोखिम बढ्ने गरेको यस क्षेत्रका विज्ञको भनाइ छ ।

वनजङ्गलमा डढेलो लगाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ । वन ऐन, २०७६ मा राष्ट्रिय वनमा आगो लगाउने र आगलागी हुने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजार जरिवाना अथवा दुवै सजाय हुनसक्ने व्यवस्था छ । समाजमा आगो लगाउनेको पहिचान गरी सूचना दिनेभन्दा पनि लुकाउने प्रचलन बढी छ । विशेषगरी आगो नियन्त्रणमा भन्दा आगो लग्न नदिन सम्पूर्ण सरोकारवाला सचेत हुनुपर्दछ । वनमा थुप्रिएका पातपतिङ्गर, झाडी, दाउरा, घाँसलगायत वन पैदावारको व्यवस्थापन गर्नु वर्तमानको आवश्यकता हो । वन पैदावारमा आधारित जैविक मल उत्पादन गर्नेखालका उद्यम, फर्निचर, जडीबुटी प्रशोधनलगायत वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न तीनै तहका सरकार र स्थानीय उपभोक्ताले ध्यान दिनु अपरिहार्य छ । पोखरा महानगरपालिका १८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूहले वनको पातपतिङ्गर झाडी सफाइ अधियान सञ्चालन गरेको छ । जसबाट दैनिक २० जनाले रोगजार पाएका छन् भने सङ्कलित वन पैदावारबाट जैविक मल उत्पादन गर्ने तयारीमा समूह जुटेको छ । स

मूहले कच्चपदार्थको प्रतिकिलो रु दुईका दरले खरिद गर्दै आएको छ । जुन ठाउँ अहिले खोरिया फाँडेको जस्तो देखिन्छ । एकातिर मल उत्पादन हुने अर्कोतर्फ वनमा डढेलो नलाग्नुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्ने यस्ता गतिविधि सबै वन समूहले अनुशरण गर्नुपर्ने आवश्यक छ । जसबाट वनडढेलो घटनुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्दछ । मुलुकको समृद्धिमा टेवा पुग्दछ । आगलागी भइहालेमा ' फायर फाइटिङ' उपकरण तथा दमकललाई चुस्तदुरुस्त राख्नुपर्दछ । स्थानीय वन समूहले पनि डढेलोको मुख्य 'सिजन' तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ । जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर 'हेरालो'को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ । वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ । जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो । वन डढेलोविरुद्ध सचेतीकरणतर्फ विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ ।

# मुस्ताङको कागबेनी स्नानस्थल जोखिमपूर्ण

मुस्ताङ (जस)- दिवङ्गत पितृकार्यका लागि प्रसिद्ध मानिएको पवित्र धार्मिकस्थल मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-४ स्थित कागबेनीको स्नानस्थलमा दुर्घटनाको जोखिम बढेको छ । तीर्थालुका लागि बनाइएको स्नानस्थल जोखिमपूर्ण हुँदा यहाँ श्राद्ध गर्न आउने भक्तजनमा सम्भावित दुर्घटनाको डर बढेको हो । कागबेनी श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनका लागि कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समिति र यहाँका स्थानीयले सीमित स्रोतसाधनमा श्राद्ध गर्न आउने तीर्थालुलाई सहज व्यवस्थापन गर्ने प्रयास गरेपनि त्यो पर्याप्त हुन सकिरहेको छैन ।

श्राद्धस्थल साँघुरो हुँदा श्राद्ध गर्न, पूजापाठ तथा स्नान गर्न समस्या र चुनौती हुने गरेको भक्तजन बताउँछन् । विसं २०८० साउन २८ गते कागखोलामा आएको बाढीले यसअघि रहेको भौतिक संरचनामा क्षति पुऱ्याएको थियो । उक्त बाढीले स्थानीयको घर, बैंक तथा वित्तीय संस्था, कागबेनी श्राद्धस्थललगायत खेतीयोग्य जग्गामा करोडौँको भौतिक क्षति पुऱ्याएको थियो । जिल्लाका स्थानीय, सरोकार भएका निकाय र कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिको पहलमा अर्थ सङ्कलन गरी कागखोला धारलाई नियन्त्रणको प्रयास गरिएको समितिकी अध्यक्ष लक्ष्मी गुरुङले बताए । उनका अनुसार कागखोलाको धारलाई नियन्त्रणमा राखिए पनि श्राद्धस्थलको भौतिक संरचना दिगो रूपमा व्यवस्थापन हुन सकिरहेको छैन ।



यसैबीच, शनिबार यहाँ श्राद्ध गर्न आएकी म्याग्दीको बेनी नगरपालिका-९ का ५३ वर्षीया सीता शर्मालाई कालीगण्डकी नदीले बगाएको छ । कागखोला र कालीगण्डकी नदीको दोभानमा स्नान गरिरहेको बेला उनी अचानक चिप्लिँदा करिब ६० मिटर तलसम्म खोलाले बगाएको थियो । चिप्लिएर खोलाले बगाएपछि उनको उद्धारका लागि गएका अर्का एकजनालाई पनि कालीगण्डकी नदीले केही तलसम्म बगाएपछि नेपाली सेनाले सकुशल उद्धार गरेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीले कागबेनीमा स्नान गर्दागर्दै खोलाले बगाएपछि शर्माको सकुशल उद्धार गरिएको जानकारी दिए । यहाँको श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकारले चाँसो नदिँदा समस्या भइरहेको समितिकी अध्यक्ष गुरुङले दुःखेसो गरे । कागबेनीमा बाढीले क्षति पुऱ्याएको क्षेत्रको मर्मत तथा पुनः निर्माण गरी संरक्षण र प्रभावकारी व्यवस्थापनमा तीनै तहका सरकारले समन्वय र सहयोग गर्नुपर्नेमा उनले जोड दिए ।

"अहिलेसम्म समिति र स्थानीयवासीको सहयोगमा स्थानीयस्तरबाट अस्थायी व्यवस्थापन र संरक्षण गर्दै आइरहेका छौँ, हामीसँग सीमित स्रोतसाधन भएकाले दीर्घकालीन संरक्षण र व्यवस्थापन सम्भव छैन", अध्यक्ष गुरुङले भने, "कागबेनी श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनमा सरकारले दीर्घकालीन समाधानसहित योजना अघि बढाउनु पर्दछ । यहाँ लाखौं भक्तजन आउने भएकाले यस क्षेत्रलाई जोखिममुक्त गराउनु जरुरी छ ।"अध्यक्ष गुरुङले समितिले भक्तजनबाट प्राप्त दान र सहयोग रकमबाट अस्थायी रूपमा श्राद्धस्थल र स्नानस्थल निर्माण गरेको बताए । श्राद्धस्थललाई दीर्घकालीन रूपमा भरपर्दो बनाएर थप व्यवस्थापन गर्न कालीगण्डकी नदी र कागखोलालाई बृहत आरसिसी तटबन्धनको आवश्यक रहेकामा उनले जोड दिए । बर्सेनि बर्खायाममा कागखोला र कालीगण्डकीले धार परिवर्तन गर्दा यहाँको श्राद्धस्थल र स्नानस्थलको भौतिक संरचनामा क्षति पुगेको समितिले जनाएको छ । यसैबीच, समितिले कागबेनीधाममा श्राद्ध गर्न आउने भक्तजनलाई स्नान र श्राद्ध गर्दा सावधानी अपनाउन आग्रह गर्दै आएको छ ।

कागबेनीधामलाई केही फराकिलो र सहज तुल्याउन समितिले खडा गरेको एक दर्जनबढी व्यावसायिक अस्थायी टहरालाई केही पर स्थान्तरण गरिसकिएको समितिकी अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार नेपाली सेनाले कपडा फेर्नेस्थान र गाउँपालिकाले शौचालय निर्माण गरेको छ ।सरकारले अहिलेसम्म कागबेनीधाममको संरक्षण र व्यवस्थापनका लागि बजेट विनियोजन नगरेको अध्यक्ष गुरुङले बताए । बर्सेनि बडादसैं र चैतेदसैंको औंसीमा नुहाउन लाखौं श्रद्धालु भक्तजन कागबेनी आउने गर्छन् । "यस वर्षको चैतेदसैंको औंसी नजिकिँदै गर्दा पनि हालसम्म तीनै तहका सरकारले यस क्षेत्रलाई व्यवस्थापन गर्न नसक्दा जोखिम मोलेर श्राद्ध र स्नान गर्नुपर्ने अवस्था छ", उनले भने । बारागु मुक्तिक्षेत्र-४ कागबेनीधाममा कागभुसुन्डे ऋषिले तिलिचो तालमा तपस्या गरी कागखोलामा स्नान गरेको भन्ने धार्मिक किंबदन्ती छ । यही कारण देशभरबाट बर्सेनि लाखौंको सङ्ख्यामा श्रद्धालु भक्तजन यहाँ आएर पितृको नाममा श्राद्ध गर्ने, तर्पण दिने र कालीगण्डकी दोभानमा स्नान गर्दा दिवङ्गत पितृ खुसी भई आर्शिवाद दिने धार्मिक विश्वास रहिआएको छ ।

## जनकपुर अस्पतालमा दैनिक १२ सय बिरामीको उपचार

धनुषा (जस)- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेपछि जनकपुर स्थित प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार गराउन आउने बिरामीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । मधेस प्रदेशको प्रादेशिक अस्पतालका निर्देशक डा जामुनप्रसाद सिंहका अनुसार यसअघि दैनिक करिब दुई सय बिरामी उपचार गराउन आउने गरेकामा व्यवस्थापनको सुधारसँगै अहिले दैनिक एक हजार दुई सयसम्म बिरामी अस्पताल आउने गरेका छन् ।

व्यवस्थापन सुधार कार्यक्रमअन्तर्गत 'हेल्प डेस्क'को व्यवस्था तथा भौतिक पूर्वाधारसहित जनशक्तिको व्यवस्थापन भएसँगै सेवा चुस्तदुरुस्त भएको सो अस्पतालले जनाएको छ ।

तोकिएका समयमा अस्पताल नआउने र राम्रोसँग जिम्मेवारी बहन नगर्ने चिकित्सक एवं स्वास्थ्यकर्मीलाई कारबाही गर्न थालेपछि अहिले बिरामी एवं तिनका आफन्तजनबाट गुनासा आउनेक्रम कम भएको निर्देशक डा सिंहले बताए । अस्पतालले पछिल्लो समय तोकिएको समयमा स्वास्थ्यकर्मीबाट निर्वाध रुपमा स्वास्थ्य सेवा प्रवाह भइरहेको, औषधि वितरण कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाएको, शल्यक्रिया गर्दा कुनै पनि भेद्भाव नगरेको र प्राप्त हुने गुनासा यथासक्य छिटो सम्बोधन गर्न थालेपछि बिरामीको चाप उल्लेख्य सङ्ख्यामा बढेको स्पष्ट गरेको छ ।

प्रयोगशाला प्रमुख प्रमेश्वर यादवका अनुसार यसअघि अस्पतालको व्यवस्थान राम्रो नहुँदो बिरामीहरु उपचार गराउन निजी अस्पतालमा जान बाध्य हुने गरेकामा अहिले दैनिक बहिरङ्ग सेवाअन्तर्गत एक हजार २०० बिरामी प्रादेशिक अस्पताल जनकपुर आउने गरेका छन् । सो अस्पतालको समाजिक सुरक्षा विभागका डा बद्री साहले गरिब तथा असहाय बिरामीलाई स्वास्थ्य उपचारदेखि औषधि तथा प्रयोशालामा निःशुल्क सेवा उपलब्ध गराउँदै आएको बताए ।

## सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी

म्याग्दी (जस)- जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ घरापका किसानले बिक्री नहुने साना दाना भएका सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी गरिरहेका छन् । अन्नपूर्ण चक्रीय पदमार्गको मुस्ताङ-म्याग्दी यात्रा गर्ने पर्यटकलाई ताजा सुन्तलाको जुस बेचेर घरापका दम्पती प्रेम तिलिजा र मैना तिलिजाले यो याममा रु दुई लाख आम्दानी गरेका हुन् । "बगैँचाका ठूला दाना व्यापारीले किनेर लगेपछि बचेका साना दाना सुन्तला अझै बोटमा राखेका छौँ," मैनाले भनिन, "जुस खानका लागि दैनिक ५० जनासम्म पर्यटक यहाँ आउनुहुन्छ ।"

बेमौसममा सुन्तलाको जुस सानो गिलासको रु दुई सय ५० र ठूलो गिलासको तीन सय ५० का दरले बिक्री हुने गरेको उनको भनाइ छ ।

आफ्नै बगैँचाको एक सय बोट र छिमेकीको बोटमा बाँकी रहेका सुन्तलालाई टिपेर बोक्रा छोडाइ उपकरणको सहायताले रस निकालेर बिक्री गर्दै आएको मैनाले बताइन । "उपकरणले गेडा र छोक्रालाई एकातर्फ फाल्छ भने रसलाई भाडामा खसाल्छ", उनले भने । मुस्ताङको घाँसाबाट पदयात्रा गरेर म्याग्दीको तातोपानी आउने क्रममा बेमैसमको सुन्तलाको ताजा र स्वादिलो जुस उपभोग गर्न घरापमा विश्राम गरेको काठमाडौँका जनार्दनदेव पन्तले बताए ।

जुस बनाउन थालेपछि साना दाना भएका कारण बिक्री नभएका सुन्तला खपत भएको प्रेमले बताए । खेर जाने सुन्तलाबाट जुस बनाएर अतिरिक्त आम्दानी भएको भन्दै अन्य क्षेत्रमा सुन्तला सकिए पनि यहाँका बगैँचामा साना दानाका चैत महिनासम्म रहने उनले जानकारी दिए । ठूला दाना माघमा टिप्ने घरापका किसानले साना दानालाई जुस बनाउन चैतसम्म राख्ने गरेका छन् । सुन्तला भण्डारण गर्ने चिस्यान गृह र प्रशोधन गरेर जुस बनाउने उपकरण तथा सीपमूलक तालिम आवश्यक परेको यहाँका किसान बताउँछन् ।

## रसुवामा एपेन्डिसाइटिसको शल्यक्रिया सुरु

रसुवा (जस)- रसुवा जिल्ला अस्पतालले शुक्रबारदेखि एपेन्डिसाइटिसको शल्यक्रिया सुरू गरेको छ । 'निक्स साइमन इन्स्टिच्युट' नामक गैह्र सरकारी संस्थाको सहयोगमा डा सुनीलकुमार दास नेतृत्वको स्वास्थ्य टोलीले आमाछोदिङ्मो-३ गतलाङका ३८ वर्षीय निमा छिरिङ लामाको सफलतापूर्वक शल्यक्रिया गरेको हो । सो संस्थाले विशेषज्ञ चिकित्सक उपलब्ध गराएपछि स्थानीयस्तरमै एपिन्डिसाइटिसको शल्यक्रिया सम्भव भएको रसुवा अस्पतालले स्पष्ट गरेको छ । रसुवा जिल्ला अस्पतालले सोही संस्थाको सहयोगमा १८ जना महिलाको सफलतापूर्वक शल्यक्रिया गरी बच्चा पैदा गराएको जनाएको छ ।

विशेषगरी सुत्केरी हुन नसकेका गर्भवती र खप्नै नसक्नेगरी पेट दुख्ने समस्याबाट पीडित बिरामीलाई एपिन्डिसाइटिसको शल्यक्रिया गर्नुपर्ने डा दासले बताए । 'बुस्कोपान' नामक दुखाई कम गर्ने 'इन्जेक्सन' दिइ काठमाडौँ पठाउने गरेकामा स्थानीय अस्पतालमै आवश्यक दक्ष जनशक्तिसहित उपकरणको व्यवस्था भएसँगै शल्यक्रियासम्मको सुविधा उपलब्ध हुन थालेपछि रसुवावासीको खुशीको सीमा नरहेको नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताए । यसैगरी पाठेघरको नलीमा गर्भ बस्न गई जोखिममा परेकी २८ वर्षीया एक महिलालाई पनि गत शुक्रबार नै सफलतापूर्वक शल्यक्रिया गरिएको रसुवा अस्पतालले जनाएको छ ।

## करेन्ट लागेर एकजनाको मृत्यु

गोरखा (जस)- जिल्लाको आरुघाट गाउँपालिका-६ स्थित कल्लेरीका २७ वर्षीय हरि विकको करेन्ट लागेर मृत्यु भएको छ । आइतबार बिहान फाइबरको तार तान्ने क्रममा पोलमा चढ्दा विकलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले जानकारी दिए । करेन्ट लागेर गम्भीर घाइते भएका विकलाई गोरखा अस्पतालका चिकित्सकले मृत घोषित गरेका हुन्", उनले भने ।

## विदेश

## लेबनानमा इजरायली हवाई आक्रमणमा ६ जनाको मृत्यु, २८ जना घाइते

बेरुत (सिन्ह्वा) : शनिबार साँझ पूर्वी र दक्षिणी लेबनानलाई लक्षित गरी गरिएको इजरायली हवाई आक्रमणमा कम्तीमा छ जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएको लेबनानका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । लेबनानको जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रले दक्षिणी लेबनानको टायर शहरका साथै धेरै उपत्यका र गाउँहरूलाई लक्षित गरी इजरायली हवाई आक्रमण गरिएको थियो, जसमा छ जनाको मृत्यु भएको थियो भने २२ जना घाइते भएका थिए । पूर्वी लेबनानमा भएका आक्रमणहरूमा छ जना घाइते भएको पनि लेबनानको जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रले जनाएको छ ।

यसैबीच, एक लेबनानी सुरक्षा स्रोतले सिन्ह्वालाई बताएअनुसार इजरायलले शनिबार साँझसम्म १५ वटा हवाई आक्रमण गरेको थियो । इजरायली रक्षा बल (आइडीएफ) ले इजरायली वायुसेनाले लेबनानभरि हिजबुल्लाह कमाण्ड सेन्टर, पूर्वाधार स्थल, रकेट लन्चर र हतियार भण्डारण सुविधा विरुद्ध दोस्रो चरणको आक्रमण सुरु गरेको बताएको छ । यसले इजरायली नागरिकहरूको सुरक्षाको लागि आवश्यकता अनुसार आक्रमण जारी राख्ने बताएको छ । इजरायली रक्षामन्त्रीको कार्यालयबाट जारी विज्ञप्तिमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहू र रक्षामन्त्री इजरायल काट्जले शनिबार बिहान उत्तरी इजरायलमा प्रहार गरिएको रकेटको प्रतिक्रियामा लेबनानमा दर्जनौं 'हिजबुल्लाह लक्षित' विरुद्ध दोस्रो चरणको आक्रमण सुरु गर्न आइडीएफलाई निर्देशन दिएको उल्लेख गरिएको थियो ।

"लेबनानी सरकार आफ्नो भूमिमा हुने हरेक घटनाको लागि जिम्मेवार छ," विज्ञप्तिमा भनिएको छ । "इजरायलले आफ्ना नागरिक र सार्वभौमसत्तामा कुनै हानि हुन दिनेछैन ।" शनिबारको सुरुमा, इजरायली सेनाले लेबनानबाट उत्तरी इजरायली शहर मेतुलातर्फ प्रहार गरिएका रकेटहरूलाई रोकेको बताएको थियो । देशको आपतकालीन सेवाहरूका अनुसार इजरायलमा कुनै हताहतको रिपोर्ट आएको छैन । लेबनानको सरकारी स्वामित्वमा रहेको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली आक्रमणको पहिलो लहर शनिबार दिउँसो आएको रिपोर्ट गरेको छ , जसले दक्षिणी लेबनानको टुलाइन, कफर मेल्की, म्लेता र वादी अल-हुजेर उपत्यका नजिकैका क्षेत्रहरूलाई प्रहार गरेको थियो । टुलाइनमा रहेको एउटा आवासीय भवन ध्वस्त भएको, एक जनाको मृत्यु भएको र तीन जना घाइते भएको बताइएको छ ।

## इजरायलद्वारा गाजामा स्थलगत आक्रमण

जेरुसेलम (एएफपी): इजरायली सेनाले गाजा पट्टीमा आइतबार स्थलगत अभियान चलाएको छ । हमास शासित क्षेत्रमा भएको आक्रमणको करिब एक हप्तापछि राफा शहरमा भएको आक्रमणबाट भाग्न सेनाले प्यालेस्टिनीहरूलाई आग्रह गरेको छ । लेबनानमा भएको घातक आक्रमण र यमनबाट क्षेप्यास्त्र प्रहार भएपछि इजरायली सेनाले गाजाका केही भागमा पुनः आफ्नो सैन्य बल तैनाथ गरेको हो । इजरायली सेनाले जनवरीमा युद्धविरामलाई पुनर्जीवित गर्न आह्वान गरे पनि पछिल्लो चेतावनी जारी गरिएको हो ।

सैनिक प्रवक्ता अविचय अद्राईले एक्समा जारी गरेको वक्तव्यमा सेनाले दक्षिणी शहर राफाको एक जिल्लामा 'आतङ्कवादी सङ्गठनहरूमाथि आक्रमण सुरु गरेको' बताएका छन् । एएफपी संवाददाताका अनुसार ड्रोनबाट उक्त क्षेत्रमा खसालिएका पर्चामा पनि देखिएको सन्देशमा अद्राईले त्यहाँका प्यालेस्टिनीहरूलाई ताल अल-सुल्तान जिल्लाको 'खतरनाक लडाकू क्षेत्र' छोडेर उत्तरतर्फ जान आह्वान गरेका छन् ।

दक्षिणी गाजाको मुख्य शहर खान युनिसको एक परोपकारी भान्साघरमा १९ वर्षीया इमान अल-बर्दाविलले धेरै विस्थापित प्यालेस्टिनीहरूले 'खान र पिउने खर्च' को लागि सङ्घर्ष गरिरहेको बताए । "हामी रमजानको महिनामा छौँ । यो एक पवित्र महिना हो र मानिसहरू शरणार्थीका रूपमा यहाँ आउन बाध्य छन्," आफूले वरपर देखेको पीडाप्रति दुःख व्यक्त गर्दै बर्दाविलले एएफपीसँग भने । "म यहाँ बच्चाहरूका लागि चामल लिन आएको हुँ, तर त्यो काम नगरिकन भाग्न बाध्य बनेको छु," बार्दविलजस्तै उत्तरी गाजामा रहेको आफ्नो घर छोडेर भागेका सैद अबु अल-जिदयानले भने ।

**-हमासका शीर्ष अधिकारीको मृत्यु-**

आफ्नो नयाँ आक्रमण अघि इजरायलले मार्चको सुरुमा युद्धग्रस्त गाजामा मानवीय सहायताको प्रवेशमा रोक लगाएको थियो र बिजुली आपूर्ति कटौती गरेको थियो। यसले हमासलाई युद्धविरामको विस्तारका लागि इजरायली शर्तहरू स्वीकार गर्न र सन् २०२३ अक्टोबर ७ को आक्रमणपछि प्यालेस्टिनी लडाकूहरूले कब्जामा राखेका ५८ बन्धकहरूलाई मुक्त गर्न बाध्य पारेको थियो । इजरायलले आपूर्ति गरेको बिजुलीले गाजाको पानीको मुख्य स्रोत डिसेलिनेसन प्लान्टलाई सहयोग गर्छ र बिजुली कटौती गर्ने निर्णयले गाजाको २४ लाख मानिसहरूको लागि पहिले नै खराब अवस्थालाई बढावा दिएको छ ।

इजरायली सेनाले 'उत्तरी गाजाको बेइट हानुन क्षेत्रमा हमासका लडाकुलाई लक्षित गर्दै र उत्तरी गाजामा सुरक्षा क्षेत्र विस्तार गर्न' सेना परिचालन गर्न थालेको जनाएको छ । शुक्रबार रक्षामन्त्री इजराइल काट्जले गाजाको थप भूभाग कब्जा गर्न सेनालाई आदेश दिएको बताउँदै यदि हमासले गाजा युद्धविराममा अर्को कदम चाल्न इजरायलको मागलाई ध्यान नदिए इजरायलले गाजा कब्जा गर्न सक्ने चेतावनी दिएका थिए ।


## Kalaiya Sub Metropolitan City
## Office of Municipal Executive
**Kalaiya, Bara, Madhesh Province, Nepal**

**Invitation for Online Bids**

Date of Publication: 2081/12/11 (24th Mar, 2025)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works:

| S.N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimate amount with VAT | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/ WORKS-08-081/82 | कृषि बजार पूर्वाधार निर्माण (कलैया सदरमुकाम) ( 2nd phase ) | 3000 | 73,91,167.19 | 1,85,000.00/ 120 days |
| 2 | KSMC/NCB/ WORKS-09-081/82 | कृष्ण मंदिर भन्दा दक्षिण पन्नाबागको बाटो र नाला मर्मत कार्य वार्ड नं. ०४ (Road Maintenance work) | 3000 | 86,17,550.24 | 215000.00/ 120 days |
| 3 | KSMC/NCB/ WORKS-10-081/82 | Barewa chhathiya Pokhari Park Construction Work (F/Y 2081/082 Part-2) | 3000 | 69,71,162.35 | 175000.00/ 120 days |
| 4 | KSMC/NCB/ WORKS-11-081/82 | १ देखि २७ वटै वडाहरुमा कृषि विद्युतिकरण कार्य (कलैया उप.महा.नपा) | 3000 | 1,23,90,021.81 | 2,75,000.00/ 120ys |

2. For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**

# पुलिसलाई हराउँदै चर्च ब्वाइज तिलोत्तमा गोल्डकपको सेमिफाइनलमा



बुटवल (जस)- 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडले रुपन्देहीकै पुरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकपको सेमिफाइनलमा स्थान बनाएको छ। देविनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा आइतबार सम्पन्न दोस्रो क्वार्टरफाइनलमा चर्च ब्वाइजले विभागीय टोली नेपाल पुलिस क्लबलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो। निर्धारित ९० मिनेटको खेल दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। दुवै टोलीले केही अवसर सिर्जना गरे पनि गोलमा परिणत गर्न सकेनन्। त्यसैले प्रतियोगिताको नियमअनुसार विजेताको टुंगो सिधैं टाइब्रेकरमार्फत गरिएको हो।

टाइब्रेकरमा यसपल्ट मोफलसलका चार प्रतियोगिता जितिसकेको चर्च ब्वाइज पुनः भाग्यमानी ठहरियो। चर्च ब्वाइजका अमन लामा, चेतन चौधरी, अर्मान्ड बेएडुम, प्रवेश कुँवरले गोल गरे। कप्तान सेर्गे डिका र आकाश राईको प्रहारलाई पुलिसका गोलकिपर अमित टमाटाले बचाए। तर, पुलिसका विवेक पाण्डे, मानबहादुर परियार र ओसेन्द्र कटुवाल अभागी सावित हुँदा पुलिस पहसलो खेलबाटै बाहिरियो। विवेकको प्रहार पोस्ट र ओसेन्द्रको प्रहार माथिल्लो बारमा लाग्न पुग्यो। मानबहादुरको प्रहार भने बाहिरियो।

पुलिसका प्रज्ज्वल चौधरी, गोलकिपर अमित टमाटा र अरुण गाहाले मात्रै टाइब्रेकरको सदुपयोग गर्न सके। म्यान अफ द म्याच चर्च ब्वाइजका मिडफिल्डर अमन लामा घोषित भए र ११ हजार १११ रुपैयाँ प्राप्त गरे। योसँगै चर्च ब्वाइजले फाइनलमा स्थान बनाउन 'ए' डिभिजन लिग उपविजेता मच्छिन्द्र फुटबल क्लब र एडोर्न गडवाल स्पोर्टिङ क्लबबीचको विजेतासँग खेल्नेछ। यी दुईबीचको खेल भने मंगलबार हुने तय छ।

बुटवल उपमहानगरपालिकाको संरक्षक तथा यशोदा फुड्स प्रालि र त्रिमुर्ति इण्डस्ट्रिज प्रालिको मुख्य प्रायोजक, प्रदेश खेलकुद परिषद् लुम्बिनी मुख्य सहयोगी संस्था रहेको प्रतियोगिताको २३औं संस्करणको विजेताले नगद १२ लाख १२ हजार २२२ रुपैयाँ प्राप्त गर्नेछन्। उपविजेता टिमले ६ लाख, ६६ हजार, ६६६ रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीहरुलाई गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, प्रशिक्षकलाई नगद ३१ हजार र कप तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार तथा प्रत्येक दिनको 'म्यान अफ द म्याच' लाई नगद ११ हजार १११ रुपैयाँबाट पुरस्कृत गरिने छ।

यो संस्करणमा आयोजक करेन्ट रुपन्देही-११ सहित संकटा एफसी, मच्छिन्द्र एफसी, चर्च ब्वाइज युनाइटेड, नेपाल पुलिस क्लब, नेपाल सशस्त्र प्रहरी बलको एपिएफ क्लब तथा दुई विदेशी टिमहरु एडोर्न गडवाल स्पोर्टिङ क्लब, जर्जियन एफसी गरि आठ टिमको सहभागिता छ। प्रतियोगिता चैत १६ गतेसम्म सञ्चालन हुनेछ।

प्रतियोगितामा सोमबार पनि एक मात्रै खेल हुनेछ। तेस्रो क्वार्टरफाइनलमा संकटा फुटबल क्लब, काठमाडौं र जर्जियन एफसी कालिङपोङ, भारत भिड्नेछन्। यी दुईको विजेताले फाइनल प्रवेश गर्न विभागीय टोली एपिएफसँग प्रतितिस्पर्धा गर्नेछ। पहिलो क्वार्टरफाइनलमा एपिएफले आयोजक करेन्ट रुपन्देही-११ लाई १-० ले पराजित गर्दै।

# प्रधानमन्त्री कप क्रिकेटमा एपीएफले गण्डकीलाई हरायो

काठमाडौं (जस)- प्रधानमन्त्री कप क्रिकेटमा एपीएफ क्लबले गण्डकी प्रदेशलाई पराजित गरेको छ। एक्स्ट्रा टेक ओभलमा आइतबार भएको खेलमा एपीएफले गण्डकीलाई ३१ रनले हराएको हो। २५९ रनको लक्ष्य पछ्याएको गण्डकीले पूरै ओभरमा ८ विकेटको क्षतिमा २२७ रन मात्र बनाउन सक्यो। गण्डकीका लागि अर्जुन कुमालले ३९ र दिनेश बुढामगरले ३४ रन बनाए।

एपीएफका लागि अभिषेक गौतमले ३ विकेट लिए। पहिले ब्याटिङ गरेको एपीएफ ४९.२ ओभरमा २५८ रन बनाएर अलआउट भएको थियो। एपीएफका लागि आसिफले अर्धशतकीय पारी खेले। आसिफले ७४ बलमा १० चौका र १ छक्का प्रहार गर्दै ८० रन बनाए। लोकेश बमले भने ४६ रन बनाए। गण्डकीका लागि सन्दीप पराजुली र सुदीप अर्यालले ३-३ विकेट लिए।



किरणको शतकमा सुदूरपश्चिमको तेस्रो जित

प्रधानमन्त्री कप क्रिकेटमा सुदूरपश्चिम प्रदेशले तेस्रो जित हासिल गरेको छ। लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार भएको खेलमा सुदूरपश्चिमले कोशीलाई ३१ रनले पराजित गरेको हो। २४३ रनको लक्ष्य पछ्याएको कोशी ओभरमा रनमा अलआउट भयो। कोशीका लागि शकिब हकले अर्धशतकीय पारी खेले। हकले ६६ बलमा ११ चौका प्रहार गर्दै ६२ रनको योगदान गरे। तर, जितको लागि पर्याप्त हुन सकेन।

सुदूरपश्चिमका लागि सौर्य श्रेष्ठले ३ विकेट लिए। भोजराज भट्टले २ तथा शेर मल्लले १, नारायण जोशी तथा राहुल भण्डारीले १-१ विकेट लिए। यसअघि टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिम ४३.४ ओभरमा २४२ रनमा अलआउट भएको थियो। सुदूरपश्चिमका लागि किरण ठगुन्नाले शतकीय पारी खेले। उनले किरणले ११५ रन प्रहार गर्दै एकै सिजनमा २ शतक प्रहार गर्ने कीर्तिमानीसमेत बनाएका छन्। कोशीका लागि ज्ञानेन्द्र श्रेष्ठले ४ विकेट लिए।

# आइपिएलमा हैदराबादको विजयी सुरुवात



काठमाडौं(एजेन्सी)-इन्डियन प्रिमियर लिग (आइपिएल) को १८ औं संस्करणमा सनराइजर्स हैदराबादले विजयी सुरुवात गरेको छ। आइतबार भएको खेलमा हैदराबादले राजस्थान रोयल्सलाई ४४ रनले पराजित गरेको हो।

हैदराबादले दिएको २८७ रनको विशाल लक्ष्य पछ्याएको राजस्थानले २० ओभरमा ६ विकेट गुमाएर २४२ रन मात्र बनाउन सक्यो। राजस्थानका लागि ध्रुव जुरेलले ७० रन र सञ्जु सामसनले ६६ रनको अर्धशतकीय पारी खेले पनि टोलीलाई जिताउन सकेनन्।

यसअघि, राजीव गान्धी अन्तर्राष्ट्रिय स्टेडियममा टस हारेर ब्याटिङ गरेको हैदराबादले २० ओभरमा ६ विकेट गुमाएर २८६ रन बनाएको थियो। हैदराबादका लागि इशान किशनले १०६ रनको शतकीय पारी खेले। ट्रभिस हेडले ६७ रनको योगदान दिए। राजस्थानका लागि तुषार देशपाण्डेले ३ विकेट लिए। जारी आइपिएलमा यो दोस्रो खेल हो। पहिलो खेलमा रोयल च्यालेन्जर्स बैंगलोरले कोलकाता नाइट राइडर्सलाई ७ विकेटले हराएको थियो।

# तेस्रो लहान मेयर गोल्डकप फुटबल सोमबारदेखि

सिरहा (जस)- लहान नगरपालिकाको सहयोगमा सोमबारदेखि 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' नाराका साथ तेस्रो लहान मेयर गोल्डकप फुटबल प्रतियोगिता सुरु हुँदैछ।

लहान-७ स्थित पशुपति आदर्श माध्यमिक विद्यायलको खेल मैदानमा सञ्चालन हुने उक्त प्रतियोगितामा दश टोली सहभागी हुने आयोजक हिम कस्तुरी युवा क्लबका अध्यक्ष शम्भु चौधरीले बताए। उनका अनुसार सोमबार उद्घाटन खेलमा झापा फुटबल क्लब र बारा एपिएच क्लबबीच प्रतिस्पर्धा हुने छ।



प्रतियोगिताको विजेतालाई रु दुई लाख ११ हजार र उपविजेतालाई रु एक लाख ११ हजार पुरस्कार प्रदान गरिने छ। प्रतियोगिताका लागि लहान नगरपालिकाले रु २० लाख सहयोग गरेको आयोजक संस्थाले जनाएको छ। दोस्रो लहान मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि वीरगञ्ज युनाइटेडले जितेको थियो। सो प्रतियोगितमाा सलहेश युवा क्लब, सिरहा उपविजेता बनेको थियो।

# दर्शकसँगै राजनीतिज्ञले रुचाए 'द्रौपदी'

## बहुपति प्रथाविरुद्धको आवाजको प्रशंसा

काठमाडौं (जस)- गत शुक्रबार चैत ८ देखि प्रदर्शन भएको फिल्म 'द्रौपदी'लाई दर्शकसँगै राजनीतिज्ञले रुचाएका छन्। फिल्म हेर्न हलमा पुगेकाले यसमा उठाएको बहुपति प्रथा विरुद्धको आवाजसँगै डोल्पाको सुन्दरतालाई प्रसंशा गरेका छन्। गत शुक्रबार साँझ काठमाडौंमा आयोजित एक विशेष प्रदर्शनीमा शो हेरेपछि पूर्वसञ्चारमन्त्री तथा प्रतिनिधि सभा सदस्य रेखा शर्माले फिल्म संदेश प्रवाह गर्ने सबैभन्दा सशक्त माध्यम रहेको बताइन्।

उनले भनिन्,'हामीले भाषण गर्ने वा आर्टिकल लेख्ने भन्दा फिल्ममार्फत दिएको संदेश सबैले बुझ्ने गरी पुग्छ। त्यसकारण पनि यो मनोरञ्जनमा मात्र सिमित छैन्। यो फिल्मले हाम्रो नेपालमा अझैं पनि सानो रुपमा व्याप्त कुप्रथा बहुपति प्रथाको विरुद्धमा आवाज उठाएको छ। यो समयसँगै रुपान्तरण हुनुपर्छ भन्ने संदेश दिएको छ। यो प्रसंशनीय कार्य हो, फिल्मले दिएको संदेश राम्रो छ।' उनले कलाकारले आफूलाई डोल्पाकै परिवेसमा ढालेर जीवन्त अभिनय गरेको प्रतिक्रिया दिइन्। नयाँ कलाकार भएता पनि आफूले कथावस्तु सिर्जना




गरिएको डोल्पाकै झैँ सबैलाई जीवन्त पाएको भन्दै पूर्वमन्त्री शर्माले प्रसंशा गरिन्।

'मैले फिल्म हेर्दा डोल्पाकै स्थानीयले अभिनय गरेको जस्तो पाएँ, त्यो सम्पूर्ण कलाकारको अभिनयको प्रभाव हो। हामीले भनिरहेको अवस्था परिवर्तन आर्थिक मात्र नभई यस्तै सामाजिक र सांस्कृतिक हो। फिल्म राम्रो बनेको छ', उनले भनिन्। फिल्म हेरेर प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाहीले पनि तारिफ गरे। उनले कलाकारको अभिनय, डोल्पाको सुन्दरतालाई फिल्ममा देखाइएको भन्दै प्रसंशा गरे।

'कर्णाली काटौंला' गीतलाई दर्शकले रुचाएका छन्। फिल्ममा आश्विनी शाही, रवि ओड, कविराज भाम, जेल्सन अधिकारी, सुजाता तिमल्सिना, विष्णु ठडराई 'सुवास', प्रकाश ज्ञवाली, सीता बौडेल, सुरज अधिकारी र ऋषिराज आचार्य स्वयंको पनि अभिनय छ। फिल्ममा कथा, पटकथा, संवाद र गीतसमेत निर्देशन ऋषिराज आचार्यको छ। निर्देशक आचार्यले फिल्म हेर्न आइपुगेका दर्शकले राम्रो प्रतिक्रिया दिएको बताए। उनले भने,'देशभरबाट मैले फिल्म हेर्ने दर्शकको प्रतिक्रिया लिएको छ, हेर्नेले यसको निकै तारिफ गरेका छन्। हामीले उठाएको विषय र त्यसमा दिएको संदेशलाई दर्शकले स्पष्ट रुपमा बुझ्नु भएको पाएँ। दर्शक प्रतिक्रियाले आगामी दिनमा फिल्मको व्यापार पनि बढ्ने अपेक्षा छ।' फिल्ममा सौरभ शर्माले पार्श्वसङ्गीत सृजना, अनिल महर्जनले सम्पादन, विजय आचार्यले कला तथा मोहन झिल्लुले छायाङ्कन गरेका छन्। आर बि मुभिजमा बनेको फिल्मको सहनिर्माता ऋतु आचार्य र बिष्णु ठडराई, अनि निर्मातामा ऋषिराज आचार्य र प्रकाश ज्ञवाली छन्।

# 'कालिदेवी अन्तर्राष्ट्रिय म्युजिक अवार्ड' का उत्कृष्ट ५ सार्वजनिक




काठमाडौं (जस)- कालीदेवी मिडिया हाउसद्वारा आयोजित 'कालिदेवी अन्तर्राष्ट्रिय म्युजिक अवार्ड २०८१' शनिबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरि नोमिनेसन सार्वजनिक भएको छ। नोमिनेसनमा विभिन्न बिधामा १२५ जनाले आवेदन दिएकोमा ९५ जना श्रष्टा, सर्जकहरु उत्कृष्ट टप ५ मा पर्न सफल भएको छ।

नायिका सुश्री संगीता तितुङको सभापतित्वमा सम्पन्न नोमिनेसनमा कार्यक्रममा प्रमुख अतिथ्यता जि. मोटार प्रो. पारशमणि गेलाल बिशिष्ट अतिथिहरुमा राष्ट्रिय तामाङ घेदुङका अध्यक्ष बीर बहादुर योञ्जन, राष्ट्रिय संगीतकर्मी संघ बागमती प्रदेशका अध्यक्ष तथा नायक दावा फिन्जो तामाङ, रहेका छन् भने अन्य पाहुनाहरुमा हरि सिङ राईखोला, रबि तामाङ, जीवन परियार, सुरज खड्का, दिपु तामाङ लगायत अन्य थुप्रै संघसंस्थाका व्यक्तित्वहरुको बाग्लो उपस्थिति रहेको थियो।

नेपाली मौलिक कला, संस्कृतिलाई बिदेशमा पनि चिनाउने उव्देश्यले जापानमा आयोजित हुने 'कालिदेवी अन्तर्राष्ट्रिय म्युजिक अवार्ड २०८१' नोमिनेसन कार्यक्रममा 'मिसेज तामाङ' श्याम माया तामाङ, 'मिस जनजाति दुवई' आरजे अञ्जुली लोप्चन, 'मिस तामाङ २०२५' अन्जु थोकर तामाङ, चर्चित कलाकार शारदा गीरि 'काली आमा' लगायत अन्य थुप्रै कलाकारहरुलाई सम्मान गरिएको थियो। अवार्ड बितरण कार्यक्रम नयाँ वर्ष २०८२को शुभकामना सहित जापानमा सम्पन्न हुने कार्यक्रम संयोजकव्दय बिनायक तामाङ र राजन भुजेलले जानकारी गराएका छन्।

# तीन सबस्टेसन निर्माणको अन्तिम चरणमा

काठमाडौँ(जस)-बारा र पर्सा जिल्लास्थित औद्योगिक करिडोर र उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति नियमित बनाउन उच्च क्षमताका तीनवटा सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ। बाराको अमलेखगञ्ज तथा प्रसौनी र पर्साको वीरगञ्जमा निर्माणाधीन १३२ केभी क्षमताका तीनवटा सबस्टेसन अन्तिम चरणमा पुगेको हो । नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले स्थलगत अनुगमन गरी सबस्टेसन र प्रसारण लाइन निर्माण यथाशीघ्र सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई निर्देशन दिए।

वीरगञ्ज क्षेत्रको विद्युत् माग र आपूर्ति व्यवस्थापन तथा भारतसँगको विद्युत् व्यापारका लागि निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेसन महत्त्पूर्ण रहेको उल्लेख गर्दै उनले यस्तो अवस्थामा संवेदनशील र जिम्मेवार भएर निर्धारित समयमा काम सम्पन्न गर्न आग्रह गरे । थलैया-सिमरा-वीरगञ्ज औद्योगिक करिडोरमा रहेको विद्युत् आपूर्तिको समस्या समाधान र बढ्दो माग पूरा गर्न अमलेखगञ्ज १३२/६६ केभी सबस्टेसन तयार भएको छ। उक्त सबस्टेसनमा रहने अधिकांश मुख्य उपकरण जडान भइसकेका छन् । अमलेखगञ्ज सबस्टेसनलाई आगामी जेठको दोस्रो साताभित्र सञ्चालनमा ल्याउने गरी अन्तिम चरणका काम भइरहेका प्रबन्ध निर्देशक घिसिङले उल्लेख गरे।

उनका अनुसार पूर्व-पश्चिम १३२ केभी डबलसर्किट प्रसारण लाइनमध्ये एउटा सर्किटलाई अमलेखगञ्ज सबस्टेसनभित्र छिराउने (लुप इन) र बाहिर निकाल्ने (लुप आउट) गर्ने काम सकिएको छ । त्यस्तै हेटौँडाबाट सिमरा-वीरगञ्ज औद्योगिक करिडोरमा विद्युत् आपूर्ति गर्ने ६६ केभी लाइनको दुवै सर्किटलाई सबस्टेसनमा लुप इन र लुप आउट गरिसकिएको छ। हेटौँडाबाट गएको ६६ केभी लाइन लामो र क्षमता कम हुँदा सिमरा-वीरगञ्ज औद्योगिक करिडोरमा भोल्टेजको समस्या थियो। उक्त ६६ केभी लाइनको लम्बाइ पनि घट्ने र १३२ केभी प्रसारण लाइनबाट विद्युत् आपूर्तिको स्रोत हुने भएपछि अमलेखगञ्ज सबस्टेसन सञ्चालनमा आएसँगै सिमरा-वीरगञ्ज औद्योगिक करिडोरको विद्युत् आपूर्तिमा सुधार प्राधिकरणले जनाएको छ । सबस्टेसनमा १३२/६६ केभी २०० एमभिए र ६६/११ केभी २० एमभिए क्षमताका पावर ट्रान्सफर्मरहरू रहेका छन्। स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ११ केभीका छ वटा फिडर रहने छन्।

प्रसौनी तथा वीरगञ्ज सबस्टेसन र उक्त सबस्टेसनलाई जोड्ने दुई दशमलव आठ कलोमिटर १३२ केभी भूमिगत प्रसारण लाइन निर्माण भइरहेको छ । भूमिगत प्रसारण लाइन एक महिनाभित्र सक्ने गरी काम भइरहेको प्रबन्ध निर्देशक घिसिङले जानकारी दिए। सबस्टेसनमा उपकरण जडान र बाँकी रहेका सिभिल संरचनाको काम जारी छ। भारत र नेपालबीचको रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइनलाई प्रसौनी सबस्टेसनमा लुप इन र लुप आउट गरिने छ। उक्त सबस्टेसनबाट भूमिगत प्रसारण लाइनमार्फत वीरगञ्ज सबस्टेसनमा विद्युत् आपूर्ति दिइने छ । हाल वीरगञ्जमा चालु रहेको ६६/३३/११ केभी सबस्टेसनलाई विस्तार गरी १३२ केभी बनाउन लागिएको हो। सबस्टेसन र प्रसारण लाइन निर्माण सम्पन्न भएपछि वीरगञ्ज क्षेत्रमा विद्युत् आपूर्तिका लागि १३२ र ६६ केभीको स्रोत हुनेछ। १३२ र ६६ केभी सबस्टेसन अन्तरआवद्ध हुने भएकाले विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय बन्ने विश्वास छ।

हाल बाराको कलैया क्षेत्रमा पनि वीरगञ्ज सबस्टेसनबाट विद्युत् आपूर्ति हुँदै आएकामा प्रसौनी सबस्टेसन सम्पन्न भएपछि त्यहीँबाट आपूर्ति दिइने प्राधिकरणले जनाएको छ। यसबाट वीरगञ्ज सबस्टेसनको भार पनि घट्नेछ । प्रसौनी सबस्टेसनमा स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ३३ केभी र ११ केभीका पाँच/पाँचवटा फिडर रहने व्यवस्था गरिएको छ । बारा-पर्सा औद्योगिक करिडोरमा पर्ने सिमरा, निजगढ, वीरगञ्ज, परवानीपुर, पोखरिया, प्रसौनीलगायत क्षेत्रमा हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा खुल्ने उद्योगलाई लक्षित गरी प्राधिकरणले उच्च क्षमताका विद्युत प्रसारण तथा वितरण लाइनका पूर्वाधार संरचना क्रमिक रुपमा बनाउन लागिरहेको छ । वीरगञ्ज क्षेत्रका उद्योगले १३२ केभी प्रसारण लाइनबाटै विद्युत् आपूर्ति लिन सक्ने गरी उच्च क्षमताका प्रसारण लाइन तथा सबस्टेसन निर्माण अगाडि बढाइएको प्राधिकरणको भनाइ छ । वीरगञ्ज क्षेत्रको विद्युत्को बढ्दो औद्योगिक मागपूर्ति गर्न परवानीपुरबाट पोखरियासम्म १३२ केभी अर्को प्रसारण लाइन र पोखरिया सबस्टेसन निर्माण अगाडि बढाइएको छ।


## युएईमा रोजगारीको अवसर

**कम्पनी**: AL SAHEL CONTRACTING CO. LLC **शहर** : DUBAI

**पूर्व स्वीकृति मितिः** २०८१-०६-३० **च.नं**: 60226612 L.T. No : 312214 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Suttering Carpenter | 30 | 0 | स.काममा दक्ष | 1200 | ४४,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Helper | 60 | 0 | स.काममा दक्ष | 950 | ३५,५०१।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 3 | Mason (Tile & Block & Plaster) | 30 | 0 | स.काममा दक्ष | 1200 | ४४,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 4 | STEE FIXER | 30 | 0 | स.काममा दक्ष | 1200 | ४४,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 5 | SCAFFOLDER | 50 | 0 | स.काममा दक्ष | 1200 | ४४,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sufi International Services Pvt. Ltd.**

Gov. Lic. No. 796/065/066

Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.:+977-1-4469691, 4469692

E-mail: sufiintlpvt@gmail.com



## युएईमा रोजगारीको अवसर

**कम्पनी**: GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C. **शहर** : ABU Dhabi

**पूर्व स्वीकृति मितिः** २०८१-१२-१० **च.नं**: 60235004 L.T. No : 320903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 170 | 30 | स.काममा दक्ष | 2000 | ७४,७४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २६१/०५८/०५९

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**

Shikhar House, Near Radisson Hotel

Lazimpat - 2, Kathmandu, Nepal

Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np


Government of Nepal

**Ministry of Energy, Water Resources and Irrigation**

**Department of Water Resources and Irrigation**

**Babai Irrigation Project**

Baidi, Bardiya

**Notice of Intent for Approval of Tender**

**Date of Publication: 2081/12/11 (24th March, 2025)**

This is to inform all concerned bidders that for the following works published on Saurya Dainik National Daily Newspaper dated 2081-10-21 with procedure of single stage two envelope, among the duly submitted bids within the stipulated date and time, it is our intention to award the contract to the lowest evaluated substantially responsive bids of the following bidders. This notice has been published pursuant to the clause 27 (2) of public procurement act 2063 of Nepal for approval of these contracts.

| Contract No. and Name of Works | Bidder's Name and address | Bid Amount (Excluding VAT) |
|---|---|---|
| BIP/WORKS/ NCB-15/081/082 | M/S Aman International Trade Link Pvt Ltd, Talchikhel Lalitpur | 6,39,63,578.16 |
| BIP/WORKS/ NCB-16/081/082 | M/S P.S Nirman Sewa, Naubasta-8, Banke | 7,75,13,039.35 |
| BIP/WORKS/ NCB-17/081/082 | M/S Atlantic Construction Pvt. Ltd., Uttargaya, Rasuwa | 5,25,18,960.00 |

**Project Director**

## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बरहथवा, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति :- २०८१/१२/११**

यस बरहथवा नगरपालिकाबाट मिति २०८१/१०/२८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका दरभाउपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

| सि.नं. | ठेक्का नं. | छनौट भएका फर्म | ठेगाना | कबोल अंक (रु.मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | Goods/SQ/NCB- /NCB-10/2081/082 Supply and Delivery Of Drugs for Barahathawa Nagar Hospital Under Health Insurance Board Programme | Pearl Meditech Pvt Ltd | Bharatpur-12 | 10,01,192.00 /- |

**प्रमुख प्रशासकीय अधिकृत**
**बरहथवा नगरपालिका**

## भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा,
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( प्रकाशित मिति २०८१।१२।११)

यस भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कस्टम हायरीङ्ग सेन्टर स्थापना र कोशी प्रदेश सशर्त अनुदान तर्फ चार चक्के राईस ट्रान्सप्लान्टर खरिद को कार्यक्रम सन्चालन गर्न सूचना प्रकाशित भई माग प्राप्त भएको (चार चक्के राईस ट्रान्सप्लान्टर २ थान , सिड्र ट्रे १२००० थान र प्याडी सिडर १ थान ) को लागि उक्त कामको स्वीकृत ल.ई. रकम रु. ६३,५८,३८० ( प्याडी सिड ट्रेको भ्याट सहित र बाकीँको भ्याट बाहेका) का लागि दोस्रो पटक मिति २०८१।११।२० गते विद्युतीय बोलपत्रका लागि राष्ट्रिय दैनीक पत्रिकामा प्रकाशित सुचना बमोजिम यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये परीक्षण र मुल्याङकन गर्दा रितपुर्वक देखिएको तपसिलको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भएकोले स्वीकृतीका लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | फर्मको नाम, ठेगाना | कामको विवरण | कबोल रकम रु. (प्याडी सिड ट्रेको भ्याट सहित र बाकीको भ्याट बाहेका) |
|---|---|---|---|
| १. | राज ट्रेड कन्सर्न , दमक-५, झापा | Supply,delivery of agricultural equipments | रु. ५३,३६,०००.०० |
| २. | डि क्याम माईकोसफ्ट कैलाली | | रु. ५७,५४,१६०.०० |
| ३. | मुक्तीनाथ कृषि कम्पनी काठमाडौ | | रु. ५८,४९,२७०.०० |

प्रमुख प्रशासकीय अधिकृत

## नेपालगंज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**नेपालगंज, बाँके**

**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :- २०८१|१२|११

यस उपमहानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखीएको तपशिल बमोजिमको बोलपत्र दाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का विवरण | छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|
| १. | Store Room Construction Work at Nepalgunj Sub-Metropolitan City Office , Nepalgunj Banke (Contract ID: NSMC/NCB/W18/2081-82) | श्री राधा शर्मा कन्स्ट्रक्सन नेपालगन्ज -१६, बाँके | रु. १४,७८,५४४|२५ |
| २. | Banke Jilla Nepalgunj Na.Pa.Ward No.19 Bhaiyapur Sthit Aawas Griha Dekhi Bhada Pokharisamma Sadak Starrounnati, Nepalgunj-19, Banke (Contract ID: NSMC/NCB/W19/2081-82) | श्री निशान निर्माण सेवा ,बारेकोट-५ जाजरकोट | रु. २७,३१,१६२|७५ |

**प्रमूख प्रशासकीय अधिकृत**

# नेपाल अन्तराष्ट्रिय व्यापार मेला बैशाख २५ देखि काठमाडौंमा आयोजना हुने




काठमाडौं(जस)-नेपाल उद्योग वाणिज्य महासंघद्धारा प्रत्येक वर्ष आयोजना गरिदै आएको नेपाल अन्तराष्ट्रिय व्यापार मेला यस वर्ष २०८२ बैशाख २५ देखि २९ गते सम्म काठमाडौमा हुने भएको छ । यस वर्ष मेलाको लागि चीन, भारत, पाकिस्तान, बङ्गलादेश, र भुटानबाट सहभागिता हुने भएको छ । नेपाल अन्तराष्ट्रिय व्यापार मेला २०२५ दशौं संस्करण हो । मेलामा मेड इन नेपाल पेभेलियन तथा वस्तुगत संघहरुको पेभेलियन रहने छ ।

नेपाल सरकार-उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको सहयोगमा व्यापार तथा निकासी प्रवद्धन केन्द्रको प्रवद्धन तथा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको सहआयोजनामा क्यालेन्डर इभेन्टको रुपमा उक्त मेला आयोजना हुन लागेको महासंघले जानकारी दिएको छ । कुल ३०० भन्दा बढी स्टलमार्फत मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाको प्रर्दशनी गरिने छ । मेलामा सार्क राष्ट्र सहित चीन, कोरिया, जापान, लगायतका देशका क्रेताहरुलाई आमन्त्रण गरिने छ ।

महासंघका अनुसार नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको मुख्य आकर्षणमा मेड एन नेपाल सो, हस्तकला उत्पादनहरु, वस्तुगत संघहरुका उत्पादनहरु , साथै चार पांग्रे र दुई पांग्रे विद्युतीय गाडी (इभी) गाडीहरु समेत राखिने छ । मेलाका अवसरमा अन्तराष्ट्रिय खरिदकार्तासगं प्रत्यक्ष अन्तरकृया गराउने लक्ष्य समेत रहेको छ । मेलामा हस्तकला, पर्यटन सूचना तथा प्रबिधि एवं व्यवसायिक सूचना, कृषि उत्पादन, उर्जा, भवन तथा निमार्ण सम्बन्धी शिक्षा आदिका छुट्टाछुट्टै स्टलहरु राखिने छन् ।

मेलाका अवसरमा विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरुसगं भेटघाट तथा द्धिपक्षिय व्यापार प्रबर्द्धन तथा लगानीबारे छलफल समेत हुने र यस वर्षको मेलामा स्वदेशी र विदेशी गरी करिब २० हजार अवलोकनकर्ताहरुले अवलोकन गर्ने अपेक्षा छ । महासंघकै नेतृत्वमा यस वर्ष अघिल्ला वर्षहरु जस्तै मुलुक भित्र प्रादेशीक, जिल्ला स्तर एवं वस्तुगत गरि विभिन्न भागमा आयोजना हुने क्रममा छ । विभिन्न जिल्लाहरुमा आयोजना भएका मेलाहरुमा उत्कृष्ट स्टल तथा उत्पादनलाई एनआइटीएफमा निःशुल्क स्टल उपलब्ध गराईने महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा एउटा विशिष्ट पहिचान बनाईसकेको नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको नियमित आयोजनाबाट नेपालमा अन्तराष्ट्रिय लगानी तथा प्रविधि आर्कषण गर्ने, नेपाली उत्पादनहरुको अन्तरष्ट्रिय बजार प्रर्वद्धन गरी समग्रमा मुलुकको अर्थतन्त्रलाई माथि उकास्न सघाउ पुऱ्याउने विश्वास महासंघले लिएको छ । मेलामा जेष्ठ नागरिक तथा फरक रुपले समक्ष नागरिकहरुलाई निःशुल्क तथा विद्यार्थीहरुलाई उनीहरुको प्रवेशपत्रका आधारमा पचास प्रतिशत प्रवेश छुटको व्यवस्था समेत गरिएको र २०८१ चैत्र ११ गतेबाट स्टल बुकिङ खुल्ला गरिएको महासंघले जानकारी गराएको छ ।

# फोटोनले तोड्यो १ करोड युनिट बिक्रीको कीर्तिमान



काठमाडौं(जस)-फोटोनले विश्वभर १ करोड युनिट बिक्री गर्ने महत्वपूर्ण उपलब्धि हासिल गर्दै व्यावसायिक सवारी साधन बिक्रीको इतिहास रचेको छ । यो उपलब्धिले फोटोनलाई व्यावसायिक सवारी साधन उद्योगमा विश्वव्यापी अग्रणी बनाएको छ, जसले अर्थतन्त्रको वृद्धिमा टेवा पुऱ्याउँदै नवीन र भरपर्दो सवारी समाधान मार्फत यातायातको भविष्य निर्माण गर्दैछ।

फोटोनले आफ्नो उपस्थिति विश्वभर फैलाएको छ । यसले डिजिटल प्रविधि प्रयोग गरी व्यावसायिक सवारी साधनको आपूर्तिमा नयाँ स्तर कायम गरिरहेको छ । उच्च-गुणस्तर र अत्याधुनिक प्रविधिको प्रयोगले फोटोनका ट्रक, बस तथा विशेष सवारीहरू उद्योगहरूको पहिलो रोजाइ बन्न पुगेका छन् । दक्ष, टिकाउ र लागत-प्रभावी यातायात समाधानहरू उपलब्ध गराउँदै व्यवसायहरूका आवश्यकताहरू पूरा गर्न फोटोन समर्पित छ ।

यस ऐतिहासिक उपलब्धिसँगै फोटोनले नयाँ बजार सम्भावनाहरूको ढोका खोलेको छ । कम्पनी निरन्तर रूपमा दिगो र बुद्धिमान यातायात समाधानहरू समावेश गर्दै व्यावसायिक यातायातको भविष्यलाई अघि बढाइरहेको छ । फोटोनले इन्धन दक्षता सुधार्ने आधुनिक प्रणाली कार्यान्वयन गर्दै कार्बन उत्सर्जन कम गर्ने लक्ष्य राखेको छ, जसले हरित यातायातको विश्वव्यापी यात्रामा महत्वपूर्ण योगदान पुऱ्याउने छ । उत्कृष्ट सवारी साधन निर्माण मात्र नभई आपूर्ति शृंखला एकीकरण, रोजगारी सिर्जना र यातायात सञ्जाल विस्तार मार्फत अर्थतन्त्रलाई सशक्त बनाउने काम पनि फोटोनले गरिरहेको छ । विश्वव्यापी बजार विस्तारका लागि फोटोन प्रतिबद्ध छ, जसले उद्योगलाई भविष्यतर्फ अघि बढाउने सम्भावनाहरू सुनिश्चित गर्छ ।

अर्को दृष्टिकोणबाट हेर्दा, फोटोन दिगो र कुशल यातायातमा महत्वपूर्ण परिवर्तनहरूको नेतृत्व गर्न दृढतापूर्वक विकसित हुँदैछ । फोटोनले दिगो र प्रभावकारी यातायात प्रविधिमा अग्रसर भई नयाँ खोज तथा विकास मार्फत आधुनिक, उच्च प्रदर्शन गर्ने व्यावसायिक सवारीहरू निर्माण गरिरहेको छ । १ करोड युनिट बिक्री र आगामी दिनहरूका लागि दृढ लक्ष्यसहित, फोटोन व्यावसायिक सवारी साधनको क्षेत्रमा विश्वव्यापी स्तरमा नयाँ उचाई हासिल गरिरहेको छ ।

# एनआईसी एशिया बैंकद्वारा डिजिटल क्यालेन्डर सार्वजनिक

NIC ASIA

काठमाडौं(जस)-एनआईसी एशिया बैंक लिमिटेडले नजिकिदै गरेको नयाँ वर्ष विक्रम संवत २०८२ सालको हार्दिक शुभकामनासहित आकर्षक साजसज्जामा डिजिटल क्यालेन्डर सार्वजनिक गरेको छ । नयाँ वर्ष २०८२ ले सम्पूर्ण ग्राहक महानुभावहरु तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरु नयाँ आशा, भरोसा एवं उमंग प्रदान गरोस् भन्ने शुभेच्छाका साथ सरल तथा सहज सुविधाको लागि भनेर डिजिटल क्यालेन्डर सार्वजनिक गरेको छ ।

डिजिटल क्यालेन्डरमा बैंकले नेपाल सरकारद्वारा प्रकाशित राजपत्रमा उल्लेख भएका बिदा, चाडपर्व, दिवस, पञ्चांग तिथि लगायतका विवरणहरू समावेश गरिनुका साथै आफ्ना विभिन्न प्रोडक्ट तथा सेवाहरुसहित बैंकको नयाँ बनेका भवनहरुको तस्बिरहरुसहित वाल तथा टेबल क्यालेन्डरको आकारमा उक्त डिजिटल क्यालेन्डर बैंकको आधिकारिक वेबसाइट मार्फत सार्वजनिक गरेको छ । जसका लागि बैंकले आफ्नो वेबसाइट मार्फत सजिलै डाउनलोड गर्न सकिने व्यवस्था गरेको छ ।

## दरमखोला हाइड्रो इनर्जी लिमिटेड
**कम्पनीको रजिष्ट्र्ड कार्यालय, बाग्लुङ्ग जिल्ला**
**गलकोट ११, मनेवा**

### वार्षिक साधारण सभा सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१/१२/११

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८१ साल चैत्र महिनाको ५ गते बसेको यस दरमखोला हाइड्रो इनर्जी लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को संयुक्त वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापक तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **बार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**
बार्षिक साधारण सभा हुने मिति : २०८२।०१।३ गते बुधवार
समय : दिउसो १२:३० बजे
स्थान : काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, अनामनगर, किम्ची रेष्टुरेष्ट एण्ड बैंक्यूट ।

२. **छलफलका विषय**

**(क) साधारण प्रस्तावहरु**

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।
(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।
(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
(५) सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्ती तथा अनुमोदन सम्बन्धमा ।
(६) विविध ।

**(ख) विशेष प्रस्तावहरु**

(१) कम्पनीको संचालक समितीमा नियम २७ बमोजिम संस्थापक समुहको संचालक पदको निर्वाचन गर्ने सम्वन्धमा ।
(२) कम्पनीको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रवन्धपत्रको दफा तथा र नियमावलीको नियम २ र नियम २७ मा संशोधन गर्ने सम्वन्धमा ।
(३) IPO संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## Karaiyamai Rural Municipality
## Office of Rural Municipal Executive
**Karaiya, Bara, Madhesh Province, Nepal**

### Invitation for Bids

Invitation for Bids No.: KRM/NCB/W/05/2081/082
Date of publication: 24-03-2025 00:00

1. Karaiyamai Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Electrification Works under National Competitive Bidding procedures.
The estimated amount for the works is Rs. (in NRs) 4344859.90 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra. gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Kumari Bank Ltd.
Name of Office: Karaiyamai Rural Municipality
Office Code no: 801022109
Office Account no: 2610247287300005
Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held at Office of the Rural Municipal Executive Karaiya Bara at 13-04-2025 14:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 23-04-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23-04-2025 13:00 at the office of Office of the Rural Municipal Executive Karaiya Bara. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to a minimum of NRs. 125000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Damak Municipality
## Office of Municipal Executive
**Damak, Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Online Bids

**Date of publication: 2025-03-24 A.D. (2081-12-11 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Locking Tiles works on Ujyalo Marga, Damak 3 | DMO/JHAPA/ROAD/ 57/081-82 | 46000.0 | 1000 | 75 DAYS | 1843350.14 | 2025-04-08 12:00 | 2025-04-08 13:00 |
| 2 | Construction of Locking Tiles Works on Wada Karyalaya marga, Damak 10 | DMO/JHAPA/ROAD/ 58/081-82 | 80000.0 | 3000 | 120 DAYS | 3213500.448 | 2025-04-24 12:00 | 2025-04-24 13:00 |

2) ligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-597000 or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

## Chishankhugadhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Serna, Okhaldhunga**
**Koshi Province, Nepal**

### Invitation of Bids

**First Date of Publication: 2081-12-11 (24th Mar, 2025)**

Chishankhugadhi Rural Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the following Works under SQ Procedures. For the further information please visit www.bolpatra.gov.np/egp or contact Chishankhugadhi Rural Municipality, Office of Rural Municipal Executive.

| Contract ID | Description of Work | Estimated Amount (With VAT and Provisional sum) | Bid Security Amount | Bid Document fee NRs. | Last Date of bid Submission |
|---|---|---|---|---|---|
| CRM/SQ/WORKS /07/081/82 | Construction of road at different places of Kuibhir & Diyale. | 18,95,377.56 | 40,000.00 | 1,000.00 | 2081/12/26 B.S. (8th Apr, 2025) 12:00 noon |
| CRM/SQ/WORKS /08/081/82 | Construction of road at different places of Diyale, Bhadaure & Mamkha-8. | 15,62,965.27 | 35,000.00 | 1,000.00 | |

*Sitaram Rai*
*Chief Administrative Officer*